बुद्धभूमि नगरपालिकाको राजपत्र प्रकाशन सम्बन्धी कार्यविधि २०७४ को अनुसूची -२
दफा ४ तथा अनुसूची १ को भाग २ सँग सम्बन्धित

# बुद्धभूमि राजपत्र

## कपिलवस्तु

## (स्थानीय राजपत्र)

| खण्ड ४ | बर्ष ४ | अंक १० | मिति : माघ ४ गते २०७७ |
|---|---|---|---|

**स्थानीय सकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) बमोजिम बुद्धभूमि नगरपालिकाले बनाएको तल लेखिए बमोजिमको ऐन, नियम, कार्यविधी, नीति सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ।**

## भाग -१

# भाग -२

## बुद्धभूमि नगरपालिकाको पशुपन्छी बिकास कार्यक्रम सञ्चालन कार्यबिधि २०७७

**कार्यपालिकाबाट स्वीकृत मितिः २०७७।०९।२० गते**

**प्रस्तावना :**

मुलुकको अर्थतन्त्रमा महत्वपूर्ण योगदान ओगटेको पशुपालन ब्यवसायलाई ब्यवस्थित, मर्यादित एबं ब्यावसायिक बनाउदै स्वच्छ, स्वस्थ्य एबं गुणस्तरीय पशुपन्छीजन्य उत्पादनहरु आम उपभोक्ता समक्ष सहज रुपमा पुग्न सक्ने बाताबरण श्रृजनाका लागी स्थानीय सरकार, बुद्धभूमि नगरपालिकाको बार्षिक नीति तथा कार्यक्रममा ब्यवस्था भए बमोजिम बुद्धभूमि नगरपालिका मातहत रहेको पशु सेवा शाखाबाट सञ्चालन हुने पशुपन्छी बिकास सम्बन्धी कार्यक्रमहरु प्रभावकारी रुपमा कार्यान्वयन गर्न बुद्धभूमि नगरपालिकाले स्थानीय सरकार सन्चालन ऐन २०७४ को दफा ११ अन्तर्गतको कार्यहरुको लागि दफा ११ को उपदफा (६) तथा १०२ को तथा बुद्धभुमि नगरपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन २०७५ वमोजिम पशुपंन्क्षी विकाश कार्यत्रम सन्चालन कार्यविधि २०७७ कार्यपालिकाबाट पारित गरी राजपत्रमा प्रकाशन भएपछि लागु हुने छ।

### परिच्छेद – १
### प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ** : (१) यस कार्यबिधिको नाम "**पशुपन्छी बिकास कार्यक्रम सञ्चालन कार्यबिधि,२०७७**" रहेको छ।

(२) यो कार्यबिधि तुरुन्त प्रारम्भ हुनेछ।

(३) यो कार्यबिधि बुद्धभूमि नगरपालिका भर लागू हुनेछ।

**२. परिभाषा :** बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यबिधिमा :–

(क) **"नगरपालिका"** भन्नाले बुद्धभूमि नगरपालिकालाई सम्झनु पर्छ।

(ख) **"शाखा"** भन्नाले बुद्धभूमि नगरपालिकाको पशु सेवा शाखालाई सम्झनु पर्छ।

(ग) **"नगर प्रमुख"** भन्नाले बुद्धभूमि नगरपालिकाको नगर प्रमुख लाई सम्झनु पर्छ।

(घ) **"नगर उप प्रमुख"** भन्नाले बुद्धभूमि नगरपालिकाको नगर उप प्रमुख लाई सम्झनु पर्छ।

(ङ.) **"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले बुद्धभूमि नगरपालिका नगर कार्यपालिकाको प्रमुख प्रशासकीय अधिकृत लाई सम्झनु पर्छ।

(च) **"शाखा प्रमुख"** भन्नाले बुद्धभूमि नगरपालिका अन्तगत रहेको पशु सेवा शाखाको प्रमुख लाई सम्झनु पर्छ।

(छ) **"पशु बिकास कार्यदल"** भन्नाले बुद्धभूमि नगरपालिका भित्र पशु बिकास सम्बन्धी अवश्यक निति,खाका,कार्यक्रमको खाका तथा सम्पूर्ण क्रियाकलापहरुको निक्यौलता कार्यन्वयन सह-जीकरण र पृष्ठपोषण प्रयोजनका लागी गठन भएको नगर प्रमुखको संयोजकत्वमा विभिन्न क्षेत्र तथा शाखाको प्रमुख साथै प्रतिनिधि सदस्य रहेको समितिलाई सम्झनु पर्दछ।

(ज) **"मुल्यांकन तथा अनुगमन समिति"** भन्नाले बुद्धभूमि नगरपालिकामा पशु बिकास कार्यको बिभिन्न अनुदान सम्बन्धी कार्यक्रमको स्थलगत अनुगमन , मुल्यांकन तथा भुक्तानी सिफारिस गर्नको लागी गठन भएको मुल्यांकन तथा अनुगमन समिति लाई सम्झनु पर्छ।

(झ) **"वडा कार्यालय"** भन्नाले बुद्धभूमि नगरपालिकाको वडा कार्यालयहरुलाई सम्झनु पर्छ।

(ञ) **"बिशेषज्ञ"** भन्नाले कम्तमिा पशु चिकित्सा, पशु बिज्ञान र मत्स्य बिज्ञान/अक्वाकल्चर बिषयमा स्नातक उत्तिर्ण गरेको ब्यक्तिलाई सम्झनु पर्छ।

(ट) **"प्राबिधिक"** भन्नाले पशु बिज्ञान बिषयमा कम्तीमा क्भ्भ् वा सो सरह उत्तीर्ण गरेको ब्यक्तिलाई सम्झनु पर्छ।

(ठ) **"कार्ययोजना"** भन्नाले सहकार्यमा कार्यक्रमहरु सञ्चालन गर्नको लागी साझेदारले पेश गरेको बिस्तृत क्रियाकलाप, लागत, समय, स्थान र जिम्मेवारी सहितको प्रस्तावना सम्झनु पर्छ।

(ड) **"फार्म"** भन्नाले ब्यवसायिकरुपमा पशुपन्छी/मत्स्य पालन गरेको स्थान र संरचनालाई सम्झनु पर्छ।

(ढ) **"च्यापकटर"** भन्नाले सुकेको वा हरियो घांस लाई टुक्रा पार्ने स्वाचालित वा मानव द्धारा सञ्चालित मेशिन सम्झनु पर्छ।

(ण) **"पशुपन्छी तथा मत्स्य"** भन्नाले गाई/गोरु, भैसी/रांगा, भेडा/बाख्रा, बंगुर/संगुर, हांस/कुखुरा, घोडा, माछा र जंगली जनावर सम्झनु पर्छ।

(त) **"दुग्द्य संकलन केन्द्र"** भन्नाले दुध संकलन, भण्डारण र बिक्री बितरणको लागी बजारीकरण गर्ने संस्थालाई सम्झनु पर्छ।

(थ) **"डेरी पसल"** भन्नाले स्वच्छ, स्वस्थ्य एबं गुणस्तरीय दूध तथा दुग्द्यजन्य पदार्थहरु बिक्री गर्ने गरी स्थापना भएको पसल सम्झनु पर्छ।

(द) **"मासु पसल"** भन्नाले स्वच्छ, स्वस्थ्य एबं गुणस्तरीय मासु तथा मासुजन्य उत्पादनहरु बिक्री बितरण गर्ने उद्देश्यले नियमानुसार दर्ता भई स्थापना भएको पसल सम्झनु पर्छ।

(ध) **"कृषक"** भन्नाले पशुपन्छी तथा मत्स्य पालन गर्ने किसान सम्झनु पर्छ ।

(न) **"समुह"** भन्नाले पशुपन्छी तथा मत्स्य बिकास कार्यक्रम संञ्चालनका लागी इच्छुक कृषकहरु भेला भई गठन भएको कृषकको समुहलाई सम्झनु पर्छ ।

(प) **"साझेदार"** भन्नाले पशुपन्छी तथा मत्स्य बिकास सम्बन्धी कार्यक्रम सहकार्यमा संञ्चालन गर्न इच्छुक कृषक/समुह/समिति/सहकारी/निजी फार्म समेतलाईं जनाउंदछ ।

(फ) **"साझेदारी"** भन्नाले कार्यक्रम सञ्चालन गर्ने निकाय र पशुपन्छी तथा मत्स्य बिकास कार्यक्रम सञ्चालनका लागी इच्छुक साझेदार संगको सहकार्यलाईं जनाउंदछ ।

(ब) **कोभिड प्रभावित** : कोभिट प्रभावित भन्नाले विश्व व्यापी रुपमा फैलिएको रोग जसको कारणले बैदेशीक रोजगारीमा विदेश तथा भारतमा गई हाल रोजगार गुमाएका वेरोजगार पशु-पालक कृषकलाइ सम्झनु पर्दछ ।

(भ) **भ्याक्शिनेटर :** भ्याक्शिनेटर भन्नाले यस बुद्धभुमि नगरपालिका क्षेत्र भित्र कुनै पनि समयमा पशुमा देखिने माहामारी रोग नियन्त्रणका लागी आवश्याकता अनुसार निश्चित समयका लागी परिचालन गरीने प्राइभेटपाराभेट तथा ग्रामिण पशुस्वास्थ्य कार्यक्रर्तालाई सम्झनु पर्दछ ।

**३. उद्देश्य :** यस कार्यबिधिका उद्देश्य देहाय बमोजिम रहेका छन् :–

(क) बुद्धभूमि नगरपालिका अन्रतगत रहेको पशु सेवा शाखाबाट सञ्चालन हुने पशु बिकास सम्बन्धी कार्यक्रमहरुलाई प्रभावकारी ढङ्गले सञ्चालन गर्ने,

(ख) उत्पादन तथा उत्पादकत्व बृद्धि गरी आय आर्जन र पोषण सुरक्षामा सहयोग पुर्याउने,

(ग) पशुपन्छीहरुको ब्यवसायिक फार्म ब्यवस्थापनबाट स्वस्थ्य, स्वच्छ पशु तथा पशुजन्य उत्पादन बृद्धिगरी उपभोक्ता समक्ष पुर्याउन असल ब्यवस्थापन अभ्यासलाई प्रोत्साहन गर्ने,

(घ) अनुदान बितरण नीतिलाई प्रक्रियामुखी बाट परिणाममूखी तर्फ लैजाने,

(ड.) पशुपन्छी तथा पशुपन्छीजन्य पदार्थ उत्पादनलाई बजारीकरण तथा बिबिधीकरणमा जोड दिदैं मूल्यश्रृखंलामा जोड दिने,

(च) ब्यवसायिक उन्नत गाई/भैसी फार्महरुको बिस्तार र बिकास जोड दिदैं दुध उत्पादन गरी नगरपालिकालाई दुधमा आत्म निर्भर बनाई दुध निर्यातयोग्य बनाउन जोड दिने

## परिच्छेद —२

## नगरस्तरीय पशु बिकास कार्यदल सम्बन्धी ब्यवस्था

### ४. नगरस्तरीय पशु बिकस कार्यदल सम्बन्धी ब्यवस्था :

**४.१ नगरस्तरीय पशु बिकास कार्यदल :** यस कार्यबिधि बमोजिम पशु सेवा सम्बन्धी कार्यक्रम संचालनको लागी नीतिगत ब्यवस्था तथा समस्या समाधान सम्बन्धमा आवश्यक निर्देशनका साथै पशु बिकास सम्बन्धी बिभिन्न क्रियाकलापहरु संचालनको लागी देहाय बमोजिमको नगरस्तरीय पशु

बिकास कार्यदल गठन हुनेछ ।

| | |
|---|---|
| ● नगर प्रमुख | संयोजक |
| ● प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| ● संयोजक /सदस्य | सदस्य |
| ● शाखा प्रमुख - कृषि बिकास शाखा, | सदस्य |
| ● शाखा प्रमुख पशु सेवा शाखा | सदस्य |
| ● प्राबिधिक कर्मचारी - पशु सेवा शाखा | सदस्य सचिव |

आवश्यकता अनुसार जनप्रतिनिधि कर्मचारी तथा विज्ञलाई आमन्त्रण गने सकिने छ ।

**४.२) नगरस्तरीय पशु बिकास कार्यदलको भूमिका र जिम्मेवारीहरु :**

- नगरस्तरमा पशु बिकास संग सम्बन्धित सरकारी/गैर सरकारी निकायहरु बीच समन्वय गरी एकीकृत पशु बिकासका कार्य योजना बनाउने ।
- कार्यक्रममा रिक्तता र दोहोरोपना हटाउनको लागी समन्वयात्मक हिसाबले कार्यक्रम कार्यान्वयन गराउने ।
- नगरस्तरमा पशु बिकास सम्बन्धी सम्भाब्य कार्यक्रमहरुको पहिचान गरी योजना तर्जुमा गर्न सहयोग गर्ने ।
- नगरस्तरमा संचालित पशु बिकास कार्यक्रमहरुको सुपरिवेक्षण गर्ने ।
- भैरहेको र योजना तर्जुमा गरिएको पशु सेवा सम्बन्धी कार्यक्रमहरु सफल भएका कार्यक्रम एवं समास्या बिश्लेषण आदि गर्नुको साथै समस्या समाधानका लागी आवश्यक कदम उठाउने ।
- आवश्यकता र परिवर्तित परिस्थिति अनुसार नीतिगत व्यावस्थापन कार्य गर्ने ।

**(४.३) नगरस्तरीय पशु बिकास कार्यदलको बैठक :** नगरस्तरीय पशु बिकास कार्यदलको बैठक आवश्यकता अनुसार बस्नेछ र समय अवधी तोकि स्पष्ट कार्यक्रम योजना तर्जुमा गर्नेछ । तर यस्तो बैठक कम्तीमा प्रत्येक ४ महिनामा एक पटक बस्नु अनिवार्य हुनेछ ।

**( ४.४) कार्यक्रमको अनुगमन तथा मुल्यांकन समिति :**

(१) पशु विकाश सम्बन्धि सन्चालानमा रहेका योजना तथा कार्यक्रमहरु अनुगमन , मुल्यांकन उपप्रमुखको अध्यक्षतामा कानुन वमोजिम गठीत समितिबाट हुने छ ।

## परिच्छेद - ४

## व्यवसायिक पशुपन्छी फार्म दर्ता कार्यक्रम सञ्चालन बिधि :

**५.परिचय**

नेपालको कुल ग्राहस्थ उत्पादनको करिब १२ प्रतिशत र कृषि क्षेत्रको कुल ग्राहस्थ उत्पादनको ३२ प्रतिशत योगदान रहेको पशु उत्पादन क्षेत्र निर्वाहमुखि बाट बिस्तारै ब्याबसायिककरण हुदै गई रहेको परिप्रेक्षमा यस क्षेत्रको पशुपालन ब्यावसायलाई नै प्रतिस्प्रधि बनाउन आबश्यक छ। यस बुद्धभूमि नगरपालिकामा ब्यावसायिक पशुपालन गरी दुध,मासु र अण्डा उत्पादनको लागी प्रचुर सम्भाबना भएको ठाउँ हुनुको साथै यस नगरपालिकामा बढ्दो जनसंख्या एवं शहरीकरणले गर्दा दुध , दुध जन्यपदार्थ तथा मासु र अण्डाको माग बढ्दै गईरहेको र नगरपालिका को पशु उत्पादनको क्षेत्रमा आत्म निर्भर हुने लक्ष अनुरुप दुध मासु र अण्डा उत्पादन लाई ब्यावस्थित गर्नको लागी कृषकहरुले व्याक्तिगत तथा समुहगत रुपमा पालन गरी रहेको गाई,भैसी, भेडा,बाख्रा,बंगुर कुखुरा तथा मत्स्य पालन ब्यावसायमा आधुनिक प्रबिधिको प्रयोग मार्फत बढी प्रतिस्प्रधि बनाउनको लागी बुद्धभूमि नगरपालिकाले निश्चित मापदण्डको आधारमा गाई,भैसी, भेडा,बाख्रा,बंगुर कुखुरा तथा मत्स्य पालन फार्महरुलाई नगरपालिकामा दर्ता अभिलेखिकरण गरी सरल,पारदर्शी,प्रभाबकारी र ब्यावस्थित रुपमा संचालन गर्नको लागी यो “कार्यबिधि तयार गरीएको छ।

**६.उद्देश्य :**– यस कार्यविधिको उद्देश्य देहाय बमोजिम रहने छ :

क) पशुपन्छी पालन ब्याबसायलाई आधुनिकरण तथा ब्यावसायिकरण गर्ने।
ख) पशुपन्छी ब्यावसायको उत्पादन लागत घटाउन सहयोग पुर्याउने।
ग) पशुपन्छी पालन ब्यावसायको गुणस्तरमा सुधार ल्याउने।
घ) परम्परागत शैलीको पशुपन्छी पालन लाई ब्यबस्थित फार्मका रुपमा परिणत गर्न सहयोग पुर्याउने।
ङ) रोजगारीको अबसर श्रृजना गर्न सहयोग गर्ने।
च) स्वच्छ तथा स्बस्थ दुध, मासु तथा अण्डा उत्पादन मा सहयोग पुर्याउने।
छ) पशुपन्छी तथा पशुजन्य बस्तुको उत्पादन र उत्पादकत्व बृद्धि गर्न सहयोग गर्ने।

**७. व्यवसायीक पशुपन्छी तथा मत्स्य फार्म दर्ताको वर्गिकरण तथा अभिलेखीकरण प्रकृया :**

क) ब्यावसायिक पशुपंक्षी फार्म ( Commercial Livestock Farm ) को बर्गीकरण :

सम्बन्धित बुद्धभूमि नगरपालिका पशु सेवा शाखाले नगरपालिका भित्रका ब्यावसायिक पशुपक्षी फार्महरुलाई देहाय बमोजिमका तालिकामा प्रस्तुत बर्गीकरण अनुसार दर्ता गर्ने छ।

१) ब्याबसायिक गाई फार्म :

| सि.नं. | फार्मको बर्गिकरण | दुधालु (माउ )गाईको संख्या | कैफियत |
|---|---|---|---|
| १ | साना | ५ देखि १० वटा | |
| २ | मझौला | ११ देखि २० वटा सम्म | |
| ३ | ठूला | २१ भन्दा माथि | |
| | | | |

**२) ब्याबसायिक भैसी फार्म :**

| सि.नं. | फार्मको बर्गिकरण | दुधालु(माउ) भैसीको संख्या | कैफियत |
|---|---|---|---|
| १ | साना | ५ देखि १० वटा | |
| २ | मझौला | ११ देखि २० वटा सम्म | |
| ३ | ठूला | २१ भन्दा माथि | |
| | | | |

**३) ब्याबसायिक बाख्रा फार्म :**

| सि.नं. | फार्मको बर्गिकरण | प्रजनन योग्य माउ बाख्राको संख्या | कैफियत |
|---|---|---|---|
| १ | साना | १५ देखि २० वटा | |
| २ | मझौला | २१ देखि ४० वटा सम्म | |
| ३ | ठूला | ४१ भन्दा माथि | |
| | | | |

**४) ब्याबसायिक बंगुर फार्म पाठापाठी तथा मासु उत्पादनको लागी :**

| सि.नं. | फार्मको बर्गिकरण | पाठापाठी उत्पादनको लागी माउ बंगुरको संख्या | मासु उत्पादनको लागी बंगुरको संख्या |
|---|---|---|---|
| १ | साना | ५ देखि १५ वटा | १५ देखि ४५ वटा |
| २ | मझौला | १६ देखि ३० वटा सम्म | ४६ देखि ६० वटा सम्म |
| ३ | ठूला | ३१ भन्दा माथि | ६१ भन्दा माथि |
| | | | |

**५) ब्याबसायिक मत्स्य फार्मको लागी :**

| सि.नं. | फार्मको बर्गिकरण | माछा फार्मको लागी क्षेत्रफल | कैफियत |
|---|---|---|---|
| १ | साना | ६ देखि १० कठ्ठा | |
| २ | मझौला | ११ देखि २० कठ्ठा | |
| ३ | ठूला | २१ कठ्ठा देखि माथि | |

**६) ब्यवसायिक पन्छी (ब्रोईलर/ लेर्यस/टर्कि/हाँस) फार्म को लागी :**

| सि.नं. | फार्मको बर्गिकरण | पंक्षीहरुको संख्या | कैफियत |
|---|---|---|---|
| १ | साना | २०० देखि ५०० वटा | |
| २ | मझौला | ५०१देखि १००० वटा सम्म | |
| ३ | ठूला | १००१ भन्दा माथि | |

**ख) ब्यावसायिक पशुपंक्षी फार्म ( Commercial Livestock Farm ) को अभिलेखीकरण :**

- बुद्धभूमि  नगरपालिका भित्र संचालनमा रहेको ब्यवसायिक पशुपन्छी फार्महरु पालिका वा सम्बन्धित निकायमा दर्ता भए पनि यस नगरपालिकाको पशु सेवा शाखाको अभिलेखीकरण किताबमा दर्ता गरी अभिलेखीकरण प्रमाण–पत्र प्रदान गरिने छ ।
- कम्पनी राजिष्टारको कार्यालयमा दर्ता भएको भए सो को प्रमाण–पत्रको फोटोकापी र अन्य आवश्यक कागजातहरु ।
- बुद्धभूमि  नगरपालिकाको उद्योग शाखा वा घरेलु तथा साना उद्योग कार्यालयमा दर्ता भएको भए सो को प्रमाण–पत्रको फोटोकापी र अन्य आवश्यक कागजातहरु ।
- आन्तरिक राजस्व कार्यालयमा दर्ता भएको भए सो को प्रमाण–पत्रको फोटोकापी र अन्य आवश्यक कागजातहरु ।
- नेपाली नागरिकता प्रमाण–पत्रको फोटो कापी ।
- दफा ४ को (क र ख) अनुसारको कागजातहरु ।

ग) व्यवसायिक पशुपंक्षी फार्महरु दर्ता/अभिलेखीकरण गर्दा अनुसूचीका फाराम नं.९,१०,११,१२  र १३ अनुसार गरिने छ ।

**८. ब्यवसायिक पशुपन्छी फार्म दर्ता गर्दा आवश्यक पर्ने कागजपत्रहरु**

**क) ब्यवसायिक गाई/भैँसी/बाख्रा/बंगुर/माछा फार्म दर्ता को लागी**

१.  निवेदन थान–१ (अनुसूची–१/२ अनुसार)
२. नेपाली नागरिकताको प्रतिलिपी थान–१
३. लालपुर्जाको प्रतिलिपी वा भाडाको जग्गा भएमा भाडा सम्झौताको प्रतिलिपी थान–१
४. वडा कार्यालयको सिफारिस पत्र थान–१
५. संधियारको मूचुल्का थान–१
६. हाल सालै खिचेको प्रोपाइटरको फोटो थान–२
७. साझेदारीमा संचालित फार्म भए साझेदारहरुको २/२ प्रति फोटो
८. पालिकामा फार्म दर्ता वा अभिलेखीकरण वापत तिरेको राजस्वको रसीद थान—१

**ख) ब्यवसायिक पन्छी फार्म दर्ता को लागी**

१. निवेदन थान–१
२. नेपाली नागरिकताको प्रतिलिपी थान–१
३. लालपुर्जाको प्रतिलिपी वा भाडाको जग्गा भएमा भाडा सम्झौताको प्रतिलिपी थान–१
४. वडा कार्यालयको सिफारिस पत्र थान–१
५. संधियारको मूचुल्का थान–१
६. हाल सालै खिचेको प्रोपाइटरको फोटो थान–२
७. साझेदारीमा संचालित फार्म भए साझेदारहरुको २/२ प्रति फोटो
८. यस कार्यबिधिको परिच्छेद ४ अनुसारको मापदण्ड पुरा भएको प्रमाण हुनु पर्ने )
९. चल्ला खरिदको बीलको प्रतिलिपी थान–१
१०. स्वास्थ्य परिक्षण प्रतिवेदनको प्रतिलिपी थान–१ (कुखुराको हकमा)
११. पालिकामा फार्म दर्ता वा अभिलेखीकरण वापत तिरेको राजस्वको रसीद थान—१

**९. पन्छी फार्म संचालनको लागी आवश्यक मापदण्ड :**

१. फार्म राष्ट्रिय राजमार्गबाट कम्तिमा २०० मिटर टाढा हुनु पर्नेछ।
२. राष्ट्रिय राजमार्गभन्दा बाहेकको जिल्ला सदरमुकाम जोड्ने सडकको हकमा १०० मिटर टाढा हुनु पर्नेछ। सो वाहेकका अन्य सडकको हकमा ५० मिटर टाढा हुनु पर्नेछ।
३. फार्म मानिस बस्ने घना बस्ती (१५ घर धुरी) बाट कम्तीमा १०० मिटरको दुरीमा हुनु पर्नेछ।
४.दुई फार्म बीचको दुरि कम्तीमा १० मिटर हुनु पर्नेछ। जग्गाका साँधबाट कम्तीमा ५ मिटर छोडेर मात्र खोर निर्माण गर्नु पर्नेछ।
५.फार्मको नाम र ठेगाना उल्लेख भएको फार्मको वोर्ड राखिएको हुनु पर्नेछ ।
६. खोरको ढोकामा फूट वाथ वा स्पेश स्प्रेको व्यवस्था गरिएको हुनु पर्नेछ।
७. प्रयोग गरिएको सोत्तर, पानी तथा अन्य फोहर व्यवस्थित रुपमा तह लगाउनु पर्नेछ।
८. मरेका पन्छी तथा संक्रमित पदार्थहरु मानिसको स्वास्थ्यमा असर नपर्ने तथा रोग नफैलिने किसिमले खोरबाट तुरुन्त हटाई जैविक खाडल ९ द्यष्ययिनष्अब उिष्त ० मा राखि व्यवस्थित रुपमा तह लगाउनु पर्नेछ।
९. पन्छीहरुमा कुनै समयमा कुनै किसिमको रोग देखापरेमा सम्बन्धित फार्मधनिले रोगको सूचना नगरपालिकाको पशु सेवा शाखामा तथा अन्य सम्बन्धित निकायमा आवश्यकता अनुसार जानकारी दिनु पर्नेछ।

## परिच्छेद - ५

## एकिकृत पशु स्वास्थ्य (बाझोपन निवारण समेत) शिबिर

**१०. कार्यक्रम संचालन प्रक्रिया :** बुद्धभूमि नगरपालिका अन्र्तगत रहेको पशु सेवा शाखाले यस नगरपालिका अन्र्तगतका वडा कार्यालय तथा अन्य सम्बन्धित निकाय संग समन्वय गरी स्थानीय आवश्यकता तथा पशु सेवा प्रवाहको क्षेत्रबाट टाढाको वडाहरुमा एकिकृत पशु स्वास्थ्य तथा बाझोपन निवारण शिबिर संचालन गर्न नगरपालिका भित्रको स्थान छनौट गर्न सक्नेछ।

(२) पशु सेवा शाखाले आफनो कार्य क्षेत्रमा नगरपालिका भित्र आवश्यकता अनुसार शिबिर संचालनको लागी स्थान र मिति तोकिएको सूचना जारी गर्नेछ।

(३) पशु सेवा शाखाले बिशेषज्ञ टोली सहित शिबिरका लागी आवश्यक पर्ने औषधी, खोप, उपकरण तथा अन्य आवश्यक सामग्री तयारीको ब्यवस्थापन गर्नेछ।

**१०.१ खर्चको मापदण्ड :** (१) एकिकृत पशु स्वास्थ्य तथा बाझोपन निवारण शिबिर कार्यक्रमको खर्चको मापदण्ड देहाय बमोजिम हुनेछ।

| क्र.सं. | क्रियाकलाप | लागत |
|---|---|---|
| १ | पशु स्वास्थ्य तथा बाझोपन निवारण शिबिर सम्बन्धी पम्पलेट/श्रब्य/श्रब्यदृष्य/तुल तथा ब्यानर निर्माण | स्वीकृत बार्षिक कार्यक्रम तथा बजेटको परिधी भित्र रही बुद्धभूमि नगरपालिका बाट स्वीकृत भएको तालिम, गोष्ठी लगाएतका कार्यक्रमहरुको आर्थिक नर्मस अनुसार हुनेछ। |
| २ | औषधी, खोप तथा अन्य सामग्री ब्यवस्थापन | |
| ३ | चियापान खर्च | |
| ४ | अस्थायी ट्रेभिज निर्माण तथा अन्य लजिस्टिक ब्यवस्थापन | |
| ५ | इन्धन/दै.भ्र.भत्ता | |
| ६ | अनुगमन तथा प्रतिवेदन खर्च | |
| ७ | विविध खर्च | |

(२) शिबिर संचालनका सम्पूर्ण क्रियाकलापहरु स्वीकृत बजेटको परिधि भित्र रही संचालन गर्नु पर्नेछ

(३) एकिकृत पशु स्वास्थ्य तथा बाझोपन निवारण शिबिर संचालन गर्न जाने कर्मचारीहरुको दैनिक भ्रमण भत्ताको ब्यवस्था प्रचलित आर्थिक ऐन अनुसार हुनेछ।

४) आवश्यकता अनुसार एकिकृत पशु स्वास्थ्य तथा बाझोपन निवारण शिबिर संचालन गर्न विषय विशेषज्ञको अन्य निकायबाट व्यवस्था गर्न सक्ने छ।

## परिच्छेद — ५

## आन्तरीक तथा वाह्य परजीबि नियन्त्रण शिबिर :

**११. कार्यक्रम संचालन प्रक्रिया :** (१) बुद्धभूमि नगरपालिका अन्त्रगत रहेको पशु सेवा शाखाले यस नगरपालिका अन्त्रगतका सबै वडा कार्यालयहरु संग समन्वय गरी स्थलगत सेवा प्रवाह गर्नेको लागी वडाहरुमा आन्तरीक तथा वाहय परजीबि नियन्त्रण शिबिर संचालन गर्न सक्नेछ ।

(२) पशु सेवा शाखाले आफनो कार्य क्षेत्रमा नगरपालिका भित्रका प्रत्येक वडाहरुमा बर्षमा १ पटक परजीबि नियन्त्रण शिबिर संचालनको लागी स्थान र मिति तोकिएको सूचना जारी गर्नेछ ।

(३) पशु सेवा शाखाले बिशेषज्ञ टोली सहित शिबिरका लागी आवश्य पर्ने औषधी, उपकरण तथा अन्य आवश्यक सामग्री तयारीको ब्यवस्थापन गर्नेछ ।

११.१ खर्चको मापदण्ड : (१) आन्तरीक तथा वाहय परजीबि नियन्त्रण शिबिर कार्यक्रमको खर्चको मापदण्ड देहाय बमोजिम हुनेछ ।

| क्र.सं. | क्रियाकलाप | लागत |
|---|---|---|
| १ | परजीबि नियन्त्रण शिबिर सम्बन्धी पम्पलेट/श्रब्य/श्रब्यदृष्य/तुल तथा ब्यानर निर्माण | स्वीकृत बार्षिक कार्यक्रम तथा बजेटको परिधी भित्र रही बुद्धभूमि नगरपालिका बाट स्वीकृत भएको तालिम, गोष्ठी लगायतका कार्यक्रमहरुको आर्थिक नर्मस अनुसार हुनेछ । |
| २ | औषधी तथा अन्य सामग्री ब्यवस्थापन | |
| ३ | चियापान खर्च | |
| ४ | अन्य लजिस्टिक ब्यवस्थापन | |
| ५ | इन्धन/दै.भ्र.भत्ता | |
| ६ | अनुगमन तथा प्रतिवेदन खर्च | |
| ७ | विविध खर्च | |
| | जम्मा | |

(२) शिबिर संचालनका सम्पूर्ण क्रियाकलापहरु स्वीकृत बजेटको परिधि भित्र रही संचालन गर्नु पर्नेछ

(३) परजीबि नियन्त्रण शिबिर संचालन गर्न जाने कर्मचारीहरुको दैनिक भ्रमण भत्ताको ब्यवस्था प्रचलित आर्थिक ऐन अनुसार हुनेछ ।

४) आवश्यकता अनुसार एकिकृत पशु स्वास्थ्य तथा बाझोपन निवारण शिबिर संचालन गर्न विषय विशेषज्ञको अन्य निकायबाट व्यवस्था गर्न सक्ने छ ।

## परिच्छेद– ७

## दुध उत्पादनका लागी गाई/भैसी फार्म विकास तथा प्रवद्धन (७५ प्रतिशत अनुदान ) कार्य_क्रम सञ्चालन बिधि :

**१२) दुध उत्पादनका लागी गाई/भैसी फार्म विकास तथा प्रवद्धन कार्यक्रम सञ्चालन प्रकृया :** दुध उत्पादनका लागी गाई/भैसी फार्म विकास तथा प्रवद्धन कार्यक्रम सञ्चालन प्रकृया देहाय बमोजिम हुनेछ।

**क) कार्यक्रमको अवधि :** कार्यक्रमको अवधि बढीमा एक आर्थिक वर्ष को हुनेछ। त्यसपछि सम्बन्धित पशु सेवा शाखाले आफ्नो नियमित कार्यक्रम अन्तर्गत व्यवसायिक निजी फार्म/समुह/समिति/सहकारीहरुलाई गाई/भैसी फर्महरुका लागि प्राविधिक सेवा टेवाका कार्यक्रम समावेश गरी संचालन गर्न सक्ने छ तथा कार्यविधि सम्सोधन भएको हकमा सोही वमोजीम अन्यथा यही कार्यविधि अनुरुप आगामी आ.व.हरुमा पनि कार्यक्रम सन्चालन हुने छ।

**ख) कार्यक्रमका लागि क्षेत्र छनौटका आधारहरु :** व्यवसायिक गाईभैंसी पालनका लागी संभाव्य भएका क्षेत्रका तुलनात्मक रुपमा वढी वेरोजगार/अर्धवेरोजगार र वैदेशिक रोजगारमा गएका वा विदेशबाट फर्केका क्षेत्रहरुलाई संभाव्यताको आधारमा बुद्धभूमि नगरपालिका पशु सेवा शाखाको प्राथमिकिकरण सहित छनौट गर्ने छ। फार्महरु बुद्धभूमि नगरपालिका पशु सेवा शाखा वा सम्बन्धित अन्य निकायमा अनिवार्य रुपमा दर्ता भएको हुनु पर्नेछ।

**ग) गाई/भैसी फार्मको बर्गिकरण गाई/भैसी फार्मलाई ३ वर्गमा विभाजन गरिने छ।**

१) साना गाई/भैसी फार्म : यस कार्यक्रमको लागी ५–१० वटा उन्नत तथा दुधालु गाई/भैसी पालन गरी व्यवसाय संचालन गरी रहेको गाई/भैसी (डेरी) फार्मलाई मानिने छ।

२) मझौला गाई/भैसी फार्म : उन्नत तथा दुधालु गाई/भैसी ११ देखि २० वटा सम्म पालन गरी व्यवसाय संचालन गरी रहेको गाई/भैसी फार्मलाई मानिने छ।

३) ठुला गाई/भैसी फार्म : उन्नत तथा दुधालु गाई/भैसी २१ भन्दा माथी पालन गरि व्यवसाय संचालन गरी रहेको गाई/भैसी फार्महरुलाई मानिने छ।

**घ) कार्यक्रमका लागि उपलब्ध गराईने सहयोग**

(१) विगत वर्षहरुमा स्थापना भै नियमित रुपमा संचालनमा रहेका ब्यवसायिक उन्नत गाई/भैसी फार्म संचालन गरी रहेको र गाई भैसी खरीद गरी विमा गरीएका प्रति उन्नत गाई/भैसी फार्मको लागि बार्षिक कार्यक्रम बजेटमा स्वीकृत भएको रकम ७५ प्रतिशत अनुदान उपलब्ध गराइने छ।

२ दुध उत्पादनका लागी गाई/भैसी फार्म विकास तथा प्रवद्धन कार्यक्रममा गरीने कृयाकलापहरु :

- गोठ निमार्ण सुधार तथा फार्म सुरक्षा (वार बन्देज), जैविक सुरक्षा, आदी।
- पशु प्रजनन्, आहारा तथा अन्य व्यवस्थापकीय कार्य ( साढे/रांगो खरीद, ग्राइन्डर, च्याफक_

टर, काउम्याट, मिल्क क्यान, व्हील ब्यारो) आदी।

(३) विगत वर्षहरुमा स्थापना भै नियमित रुपमा संचालनमा रहेका ठुला गाई/भैसी फार्ममा उन्नतगाई/भैसी २१ भन्दा माथी पालन गरि व्यवसाय संचालन गरी रहेको फार्र्महरुलाई यान्त्रीकरणको लागि तपशिलमा उल्लेखित क्रियाकलापहरु कार्यान्वयन गर्न बार्षिक कार्यक्रम बजेटमा स्वीकृत भएको रकम ७५ प्रतिशत अनुदान उपलब्ध गराइने छ।प्रस्तावकले कम्तीमा अनुदान रकम वरावरको २५ प्रतिशत रकम लगानी गर्नु पर्ने छ।

फार्म यान्त्रिकरण संग सम्बन्धित कृयाकलापका लागि आवस्यक मेसिनरी औजारहरु : मिल्किङ्ग मेशिन/मिल्किङ्ग पार्लर/फडररफोरेज ब्लक मेशिन/यू.एम.एम.बि मेशिन/विद्युतीय फिडर/ मिल्क क्यान/ साईलो पिट/डिप वेल, डिप बोरिङ्ग/पाश्चुराईजर/मिल्क एनालाईजर/फ्रिजर/चिलिङ्ग भ्याट आदी।

**ङ) प्रस्ताव आव्हान :** दुध उत्पादनका लागी गाई/भैसी फार्म विकास तथा प्रबद्धनका लागी साझेदारीमा साना गाई/भैसी फार्महरु वा मझौलास्तर दुध उत्पादनका लागाी गाई/भैसी फार्म विकाश तथा प्रवद्धन कार्यक्रम ठुला व्यवसायिक गाई/भैसी फार्ममा यान्त्रिकरणका लागि बुद्धभूमि नगरपालिकाको वबसाइडमा १५ दिने सूचना प्रकाशित गरी प्रस्ताव आव्हान गरीने छ तथा वडा कार्यालयको सुचना पाटीमा टाँस गरी र अवश्यकता अनसुसार रेडियो तथा स्थानीय प्रत्रीका बाट सुचना प्रकाशन गराईने छ। प्रस्ताव आव्हानको सूचना अनुसूची १ वमोजिम र आवेदन एवं उपलब्ध गराउनु पर्ने कागजातहरु अनुसूची २ र ३ वमोजिम र कार्ययोजना अनुसूची ४ वमोजि हुनु पर्नेछ।

**च) प्रस्ताव मूल्यांकन :** प्रस्ताव आव्हान वमोजिम पेश हुन आएका प्रस्तावहरुको दफा १२ (ड.) बमोजिम पेश हुन आएका प्रस्तावहरुलाई बुद्धभूमि नगरपालिका पशु सेवा शाखा मार्फत प्राथमिकीकरण गरि बुद्धभूमि नगरपालिकामा पशु सेवा बिकास संग सम्बन्धित गठित कार्यदलमा पेश गर्ने छ। उक्त कार्यदलले अनुगमन प्राथमिकता मूल्यांकन तथा रायको आधारमा पुनराबलोकन गरि छनौट गर्नेछ।

**छ) सिफारिस साथ प्राप्त हुन आएका प्रस्तावहरु बुद्धभूमि नगरपालिकामा पशु सेवा बिकास संग सम्बन्धित गठित मूल्यांकन समितिले दफा १२ (झ.) वमोजिमको ढाँचामा मूल्यांकन गरी छनौट गर्नेछ।**

**ज) छनौट भएका व्यवसायीहरुसँग सम्झौता :** बुद्धभूमि नगरपालिका पशु सेवा शाखाले छनौट गरिएका प्रस्तावहरुलाई अनुसूची ६ बमोजिमको द्धिपक्षिय सम्झौता गराइने छ।

**झ) मूल्यांकनका आधारहरु :** प्रस्ताव मुल्यांकनका आधारहरु देहाय अनुसार हुने छन् :

क) कार्यक्रम कार्यान्वयन स्थलको भौतिक पूर्बाधारको अवस्था (१०)

ख) ब्यवसाय सम्बन्धी अनुभव (५)

ग) प्राबिधिक दक्षता/सम्बन्धित बिषयको तालिम (५)

घ) प्रति पशु संख्या अङ्क २ का दरले अधिक्तम (२०)

ड.) रोजगारीको अवस्था (५)

च) बाताबरणीय उपयुक्तता (५)

छ) उत्पादित बस्तु( दुध )(१५)

ज) ब्यावसायिक कार्य योजनाको स्पष्टता (१०)

झ) जैबिक सुरक्षाको ब्यवस्थापन (१०)

ञ) शैक्षिक योग्यता (३)

ट) बैदेशिक रोजगारीबाट फर्केका बेरोजगार व्यावसायी कृषक (१२)

ञ) छनौट भएका व्यवसायीलाई रकम उपलब्ध गराउने प्रक्रिया दफा ११ (छ) अनुसार छनौट भएका दुध उत्पादनका लागी गाई/भैसी फार्म विकाश तथा प्रवद्धन कार्यक्रम गाई/भैसी फार्महरुलाई दफा ११ (घ) बमोजिमको अनुदान रकम अनुगमन तथा मुल्यांकन समितिको स्थलगत अनुगमन पश्चात कार्य सम्पन्न भएको सिफारिश सम्वन्धित पशु सेवा शाखा वाट प्राप्त भए पछि निजी फार्म/समुह /समिति/ सहकारीको खातामा अनुदान रकम उपलब्ध गराइन

## परिच्छेद– ८
## च्यापकटर (चारा मेसिन) कार्यक्रम सञ्चालन बिधि :

**१३) च्यापकटर (चारा मेसिन) कार्यक्रम सञ्चालन प्रकृया :** ब्यसायिक गाई/भैसी (डेरी) फार्महरुमा आहाराको समुचित उपयोग गर्न च्यापकटर (चारा मेसिन) खरीद तथा जडानमा ७५ प्रतिशत लागत साझेदारीमा यो कार्यक्रम सञ्चालन प्रकृया देहाय बमोजिम हुनेछ ।

**क) कार्यक्रमको अवधि :** कार्यक्रमको अवधि बढीमा एक आर्थिक वर्ष को हुनेछ संशोधन भएको हकमा सोही बमेजिम र अन्यथा यसै वमोजिम आगामी आ.व. मा पनि कार्यक्रम सन्चालन हुने छ । त्यसपछि सम्बन्धित पशु सेवा शाखाले आफ्नो नियमित कार्यक्रम अन्तर्गत उक्त कार्यको लागि प्राविधिक सेवाका कार्यक्रम समावेश गरी संचालन गर्न सक्नेछन् ।

**ख) कार्यक्रमका लागि क्षेत्र छनौटका आधारहरु :** व्यवसायिक गाई/भैंसी पालन भएको क्षेत्रका तुलनात्मक रुपमा वढी ब्यवसायिक डेरी फार्मका क्षेत्रहरुलाई संभाव्यताको आधारमा बुद्धभूमि नगर_ पालिका पशु सेवा शाखाको प्राथमिकिकरण सहित छनौट गर्ने छ । फार्महरु बुद्धभूमि नगरपालिका पशु सेवा शाखा वा सम्बन्धित अन्य निकायमा अनिवार्य रुपमा दर्ता भएको हुनु पर्नेछ ।

**ग) कार्यक्रमका लागि उपलब्ध गराईने सहयोग :**– विगत वर्षहरुमा स्थापना भै संचालनमा रहेका ब्यवसायिक गाई/भैसी फार्महरुमा च्यापकटर (चारा मेसिन) खरीद तथा जडानाको लागि बार्षिक कार्यक्रम बजेटमा स्वीकृत भएको रकम ७० प्रतिशत अनुदान उपलब्ध गराइने छ साथै प्रस्तावकले कम्तीमा अनुदान रकम वरावरको ३० प्रतिशत रकम लगानी गर्नु पर्ने छ ।

क्रियाकलापहरु च्यापकटर (चारा मेसिन) खरीद संग सम्बन्धित कार्यहरुः

- उपयुक्त गाई/भैसी फार्महरुको छनौट गरी कृषक सहभागी गराउने।
- पशु आहाराको समुचित उपयोगमा सहयोग गर्ने।
- समय तथा श्रमको बचत हुने।
- पशु आहाराको लागी सुकेको वा हरियो घांसको टुक्रा पार्ने कार्य संचालनमा सहज हुने।
- उत्पादन लागत कम गर्न सकिने।

**घ) प्रस्ताव आव्हान :** च्यापकटर (चारा मेसिन) खरीदको लागि स्थानीय दैनिक पत्रिका/ बुद्धभूमि नगरपालिकाको वेबसाइडमा १५ दिने सूचना प्रकाशित गरी प्रस्ताव आव्हान गरीनुका साथैवडा कार्यालयको सुचना पाटीमा टाँस गरीने छ। प्रस्ताव आव्हानको सूचना अनुसूची १ वमोजिम र आवेदन एवं उपलब्ध गराउनु पर्ने कागजातहरु अनुसूची २ र ३ वमोजिम र कार्ययोजना अनुसूची ४ वमोजिम हुनु पर्नेछ।

**ङ) प्रस्ताव मूल्यांकन :** प्रस्ताव आव्हान वमोजिम पेश हुन आएका प्रस्तावहरुको दफा १३ (घ) बमोजिम पेश हुन आएका प्रस्तावहरुलाई बुद्धभूमि नगरपालिका पशु सेवा शाखा मार्फत प्राथमिकिकरण गरि बुद्धभूमि नगरपालिकामा पशु सेवा बिकास संग सम्बन्धित गठित कार्यदलमा पेश गर्ने छ। उक्त समितिले प्राथमिकता तथा रायको आधारमा पुनराबलोकन गरि छनौट गर्नेछ

**च) सिफारिस साथ प्राप्त हुन आएका प्रस्तावहरुका बुद्धभूमि नगरपालिकामा पशु सेवा बिकास संग सम्बन्धित गठित मूल्यांकन समितिले दफा १३ (ज) वमोजिमको ढाँचामा मूल्यांकन गरी छनौट गर्नेछ।**

**छ) मूल्यांकन समितिद्वारा छनौट गरीएका प्रस्तावहरुलाई अनुसूची ६ वमोजिम सम्झौता गरी अनुदान रकम उपलब्ध गराईने छ।**

**ज) मूल्यांकनका आधार तथा अंक भारहरु :**

क) कार्यक्रम कार्यान्वयन स्थलको भौतिक पूर्बाधारको अवस्था (१०)
ख) ब्यवसाय सम्बन्धी अनुभव (५)
ग) प्राबिधिक दक्षता/सम्बन्धित बिषयको तालिम (५)
घ) प्रति पशु संख्या २ का दरले अधिक्तम (२०)
ड.) उन्नत घाँस खेति प्रति कठ्ठा २ का दरले अधिक्तम (१०)
च) बाताबरणीय उपयुक्तता (५)
छ) दैनिक दुध उत्पादन अधिक्तम (१५)
ज) ब्यावसायिक कार्य योजनाको स्पष्टता (५)
झ) जैबिक सुरक्षाको ब्यवस्थापन (१०)
ञ) शैक्षिक योग्यता (३)
ट) बैदेशिक रोजगारीको फर्केको बेरोजगार व्यावसायी कृषक (१२)

**झ) छनौट भएका व्यवसायीलाई च्यापकटर उपलब्ध गराउने प्रक्रिया :** छनौट भएका ब्यवसायीलाई अनुगमन तथा मुल्यांकन समितिको स्थलगत अनुगमन पश्चात बुद्धभुमि नगरपालिकाको खरिद ऐन अनुसार सामाग्री खरिद गरी व्यावसायीलाई वितरण गर्ने छ।

## परिच्छेद– ९

## साना तथा मझौला डेरी पसल सुधार कार्यक्रम(अनुदान ६०%)

**सञ्चालन कार्य :**

**१४) डेरी पसल सुधार कार्यक्रम सञ्चालन प्रकृया:** डेरी पसल सुधार कार्यक्रम सञ्चालन प्रकृया देहाय बमोजिम हुनेछ।

**क) कार्यक्रम संचालन हुने क्षेत्रहरु :** बुद्धभुमि नगरपालिका क्षेत्र भित्र सकभर नगरपालिका वा नगरोन्मुख ब्यापारिक केन्द्रलाई लक्षित गरी डेरी पसल सुधार गर्ने कार्यलाई प्राथमिकताको आधारमा छनौट गरिने छ बुद्धभुमि नगरपालिका पशु सेवा शाखाले यस कार्यविधि अनुसार कार्यक्रम स्वीकृत तथा संचालन गर्न सक्नेछन्।

**ख) कार्यक्रम संचालन अवधि:** बार्षिक स्वीकृत कार्यक्रम अनुरुप एक आ व. सम्म लागु हुने गरी अनुदान सहयोग उपलव्ध गराईने छ। त्यसपछि सम्बन्धित पशु सेवा शाखाले आफ्नो नियमित कार्यक्र अन्तर्गत डेरी पसलहरुका लागि प्राविधिक सेवा टेवाका कार्यक्रम समावेश गरी संचालन गर्न सक्नेछन्।

**ग) लक्षित वर्ग:** नगरपालिका क्षेत्र भित्र संचालन गरी रहेका (१८ देखि ५० वर्ष उमेर समुहका) डेरी पसल ब्यवसायमा आवद्ध भई डेरी पसल नियमानुसार संचालन गरी रहेका ब्यवसायीहरु हुने छन्।

**घ) बुद्धभुमि नगरपालिका पशु सेवा शाखा बुद्धभुमि, कपिलबस्तुले बार्षिक स्वीकृत कार्यक्रम अनुसार कम्तीमा १५ दिने सार्बजनिक सूचना प्रकाशन गरी डेरी पसल सुधारको लागी अनुसूची १ बमोजिमको प्रस्ताव आब्हान गर्नेछ।**

**ड.) उक्त समयावधिमा दर्ता हुन आएका अनुसूची २ र ४ बमोजिमका प्रस्तावहरुलाई मुल्यांकन गर्नको लागी बुद्धभुमि नगरपालिकामा पशु सेवा संग सम्बन्धित गठित कार्यदलमा पेश गरिनेछ।**

**च) डेरी पसल सुधारका लागी निम्न शर्तहरु पुरा भएको हुनु पर्नेछ।**

- कम्तीमा दैनिक १०० लिटर दुध संकलन र बिक्री बितरण भै आएको हुनु पर्नेछ।
- डेरी पसल सकभर नगरपालिका वा नगरोन्मुख ब्यापारिक केन्द्रमा अवस्थित हुनु पर्नेछ।

**छ) कार्यक्रमबाट उपलब्ध गराइने अनुदान रकम :**

- डेरी पसल सुधारको लागि बार्षिक बजेट कार्यक्रममा स्वीकृत भएको रकम।

प्रस्तावकले कम्तीमा अनुदान रकम वरावरको ४० प्रतिशत रकम स्वयम व्यावसायीले लगानी गर्नु पर्ने छ।

**ज) डेरी पसल सुधारको लागी अनुसूची ७ बमोजिमको मुल्यांकन गर्न कार्यदलले तयार पारेको मुल्यांकन मुल्यांकनको आधारमा उपयुक्त साझेदारको छनोट गर्नेछ ।**

**झ) छनोट भएको साझेदार संग सम्बन्धित पशु सेवा शाखाले अनुसूची ६ बमोजिमको द्धिप_क्षिय सम्झौता गरी कार्यक्रम संचालन गर्नेछ ।**

ञ) साझेदारले डेरी पसल सुधारको लागी आफुले सहकार्य गर्ने रकम बराबरको कार्य सम्पन्न गरी खर्च गरेको रकमको नियम अनुसारको बिल बिजक, दाखिला रिर्पोट र अन्य आबश्यक कागजातहरु सहित भुक्तानीको लागी अनुरोध गरे पश्चात पशु सेवा शाखाले स्थलगत प्राविधिक निरिक्षण प्रतिवेदनको आधारमा मनासिव ठहरेमा मात्र सम्झौता मुताबिकको आर्थिक सहयोग सम्बन्धित साझेदारको खातामा आवश्याकता अनसार अनुगमन समितिबाट अनुगमन भएपछि निकासा दिनेछ ।

ट) बुद्धभुमि नगरपालिका पशु सेवा शाखा बाट डेरी पसल सुधारको लागी प्राप्त आर्थिक सहयोग रकम निम्न अनुसारका कार्यहरुमा खर्च गर्न सकिने छ ।

- बिक्रि कक्ष सुधार,टायल मार्वल फिटिंग,सिटिंग एरेन्जमेन्ट,बोर्ड ब्यानर आदी
- क्यान कन्टेनर,फ्रिज वा डिप फ्रिज खरिद ।
- भेण्डिग मेसिन खरिद र संचालन ।
- डेरी पसलको सजावट र फोहर ब्यावस्थापन आदी ।

**ठ) सुधारिएको डेरी पसलमा निम्न अनुसारको मापदण्ड पुरा भएको हुनुपर्ने छ ।**

- बिक्रि कक्षको भूई नचिप्लने,पानी नजम्ने,नसोस्ने किसिमले ढलान गरीएको वा टायल मार्वल लगाई सजिलै सफा गर्न सकिने किसिमको तथा सिलिंग धुलो मैलो नखस्ने र पानी नजम्ने गरी बनाइएको हुनुपर्ने छ ।
- डेरी पसल तथा आसपासको क्षेत्र सफा र आर्कषक हुनुपर्ने छ ।
- पसलमा प्रयोग गरीने औजार उपकरण खिया नलागेको तथा गुणस्तरीय स्टेनलेस स्टीलले बनेको हुनुपर्ने छ ।
- डेरी पसलमा काम गर्ने कर्मचारीले एप्रोन,गमबुट ,क्याप र ग्लोव लगाउनु पर्नेछ ।
- पसलमा झिगा वा अवान्छित जिबजन्तु पस्न नसक्ने किसिमले जाली ढोकाको ब्यवस्था हुनुपर्ने छ
- डेरी पसलमा कम्तिमा पनि एउटा डिप फ्रिज हुनुपर्ने छ ।

**ड) अनुदान रकमको उपयोगः** यस कार्यक्रमबाट उपलब्ध हुने रकमबाट व्यवसायीले डेरी पसल दफा १४(ट) बमोजिमका कार्यमा मात्र खर्च गर्न सक्नेछन् ।

**ढ) प्रस्ताव आव्हानः** नगरपालिका भित्र डेरी पसल संचालन गरी रहेका ब्यवसायीहरुवाट सहकार्यमा डेरी पसल सुधारका लागि प्रस्ताव आव्हान गरिने छ । प्रस्ताव आव्हानको सूचना अनुसूची १ बमोजिम र अनुदान सहयोग प्राप्त गर्नको लागि दिईने आवेदन पत्र तथा संक्षिप्त कार्ययोजना प्रस्ताव क्रमशः

अनुसूची २ र ४ बमोजिम हुने छ।

**ण) प्रस्ताव मुल्यांकन :** दफा १४(ड.) बमोजिम पेश हुन आएका प्रस्तावहरुलाई बुद्धभुमि नगरपालिका पशु सेवा शाखा मार्फत प्राथमिकिकरण गरि बुद्धभुमि नगरपालिकामा पशु सेवा बिकास संग सम्बन्धि गठित कार्यदलमा पेश गर्ने छ। उक्त समितिले प्राथमिकता तथा रायको आधारमा पुनराबलोकन गरि छनौट गर्नेछ।

**(त) प्रस्ताव मुल्यांकनका आधारहरु देहाय अनुसार हुने छन् :**

क) कार्यक्रम कार्यान्वयन स्थलको भौतिक पूर्बाधारको अवस्था (१०)

ख) ब्यवसाय सम्बन्धी अनुभव (५)

ग) प्राबिधिक दक्षता/सम्बन्धित बिषयको तालिम (५)

घ) बित्तिय क्षमता (१०)

ड.) रोजगारीको अवस्था (५)

च) बाताबरणीय उपयुक्तता (५)

छ) उत्पादित बस्तुको बजार योजना (१५)

ज) ब्यावसायिक कार्य योजनाको स्पष्टता (३०)

झ) जैबिक सुरक्षाको ब्यवस्थापन तथा सरसफाइ (१०)

ञ) शैक्षिक योग्यता (३)

ट) बैदेशिक रोजगारीबाट फर्की व्यावसाय सुरुवात गरेको (२)

**ज) छनौट भएका डेरी पसलहरुसँग सम्झौता :** बुद्धभुमि नगरपालिका पशु सेवा शाखाले छनौट गरिएका प्रस्तावहरुलाई अनुसूची ६ बमोजिमको द्धिपक्षिय सम्झौता गराइने छ।

झ) छनौट भएका व्यवसायीलाई रकम उपलब्ध गराउने तरिका दफा १४ (ज) अनुसार छनौट भएका डेरी पसलहरुलाई दफा १४ (छ) बमोजिमको रकम अनुगमन समितिको स्थलगत अनुगमन पश्चात कार्य सम्पन्न भएको सिफारिश सम्वन्धित पशु सेवा शाखा वाट प्राप्त भए पछि संस्थाको खातामा अनुदान रकम उपलब्ध गराइने छ।

## परिच्छेद– १०

## मासु पसल सुधार कार्यक्रम(अनुदान ६०%) सञ्चालन बिधि :

**१५) मासु पसल सुधार कार्यक्रम सञ्चालन प्रकृया**ः मासु पसल सुधार कार्यक्रम सञ्चालन प्रकृया देहाय बमोजिम हुनेछ।

**क) कार्यक्रम संचालन हुने क्षेत्रहरु :** बुद्धभुमि नगरपालिका क्षेत्र भित्र प्राथमिकताको आधारमा छनौट गरिने छ। बुद्धभुमि नगरपालिका पशु सेवा शाखाले यस कार्यविधि अनुसार कार्यक्रम स्वीकृत

तथा संचालन गर्न सक्नेछन् । कार्यविधिको संशोधन वा परिमार्जन भएमा सोही वमोजिम लागु हुने अन्यथा यसै कार्यविधि वमोजिम अगामी आ.व.हरुमा पनि कार्यक्रम सन्चालन हुने छ ।

**ख) कार्यक्रम संचालन अवधिः** यस कार्यक्रम अन्तर्गत एक आ.व.का लागी छनौट भएका मासु पसल हरुलाई अनुदान सहयोग उपलव्ध गराईने छ । त्यसपछि सम्बन्धित पशु सेवा शाखाले आफ्नो नियमित कार्यक्रम अन्तर्गत मासु पसलहरुका लागि प्राविधिक सेवा टेवाका कार्यक्रम समावेश गरी संचालन गर्न सक्नेछन् ।

**ग) लक्षित वर्गः** नगरपालिका क्षेत्र भित्र नियमानुसार कानुनी प्रक्रिया पुरा गरी संचालनमा रहेका (१८ देखि ५० वर्ष उमेर समुहका) मासु पसल ब्यवसायमा आवद्ध भई मासु पसल संचालन गरी रहेका ब्यवसायीहरु हुने छन् ।

**घ) कार्यक्रमबाट उपलब्ध गराइने अुनदान रकम :**

- मासु पसल सुधारको लागि बार्षिक बजेट कार्यक्रममा स्वीकृत भएको रकमको प्रस्तावकले कम्तीमा अनुदान रकमको ४० % रकम लगानी गर्नु पर्ने छ ।

**ङ.) अनुदान रकमको उपयोग :** यस कार्यक्रमबाट उपलब्ध हुने रकमबाट व्यवसायीले मासु पसल कक्षको भित्तामा टायल लगाउने र भुईमा मार्बल वा टायल बिछयाउनु पर्ने ,पशुको प्रकार/किसिम अनुसारको मासु अलग अलग राखी अलग अलग बेच्नका लागी पार्टेशन गर्ने, बध स्थलमा काट्ने,भुत्लाउने र सफा गर्ने स्लाब निर्माण गर्ने, डिप फ्रिज खरीद,स्टेनलेस स्टलिको औजारहरु खरीद गर्न,डिजिटल तराजु,अचानो,एप्रोन,गमबुट,मक्स,ग्लोब आदी खरीद गर्न सक्नेछन् ।

**च) प्रस्ताव आव्हानः** बुद्धभुमि नगरपालिका भित्र मासु पसल संचालन गरी रहेका ब्यवसायीहरुवाट सहकार्यमा मासु पसल सुधारका लागि प्रस्ताव आव्हान गरिने छ । प्रस्ताव आव्हानको सूचना अनुसूची १ बमोजिम र अनुदान सहयोग प्राप्त गर्नको लागि दिईने आवेदन पत्र तथा संक्षिप्त कार्ययोजना प्रस्ताव क्रमशः अनुसूची २ र ४ बमोजिम हुने छ ।

**छ) प्रस्ताव मुल्यांकन :** दफा १५ (च) बमोजिम पेश हुन आएका प्रस्तावहरुलाई बुद्धभुमि नगरपालिकामा पशु सेवा शाखा मार्फत प्राथमिकिकरण गरि बुद्धभुमि नगरपालिकामा कार्यदलको सिफारीस वमोजिम उम्त समितिले प्राथमिकता तथा रायको आधारमा पुनराबलोकन गरि छनौट गर्नेछ ।

**(ज)प्रस्ताव मुल्यांकनका आधारहरु देहाय अनुसार हुने छन् :**

क) कार्यक्रम कार्यान्वयन स्थलको भौतिक पूर्बाधारको अवस्था (१०)

ख) ब्यवसाय सम्बन्धी अनुभव (५)

ग) प्राबिधिक दक्षता/सम्बन्धित बिषयको तालिम (५)

घ) बित्तिय क्षमता (१०),

ङ.) रोजगारीको अवस्था (५)

च) बाताबरणीय उपयुक्तता (५)

छ) उत्पादित बस्तुको दैनिक बिक्रि अधिक्तम अंक (१५)

ज) ब्यावसायिक कार्य योजनाको स्पष्टता (३०)

झ) जैबिक सुरक्षाको तथा सरसफाई ब्यवस्थापन (१०)

ञ) शैक्षिक योग्यता (३)

ट) बैदेशिक रोजगारीबाट फर्की व्यावसाय सुरुवात गरेको (२)

**(झ) छनौट भएका मासु पसलहरुसँग सम्झौता :** बुद्धभुमि नगरपालिका पशु सेवा शाखाले छनौट गरिएका प्रस्तावहरुलाई अनुसूची ६ बमोजिमको द्धिपक्षिय सम्झौता गराइने छ। दफा १५(ज) अनुसार छनौट भएका मासु पसलहरुलाई दफा १५(घ) बमोजिमको रकम अनुगमन समितिको स्थलगत अनुगमन पश्चात कार्य सम्पन्न भएको सिफारिश सम्वन्धित पशु सेवा शाखा वाट प्राप्त भए पछि संस्थाको खातामा अनुदान रकम उपलब्ध गराइने छ।

## परिच्छेद– ११

## विदेश (भारतसमेत) बाट फर्केका पशुपालन व्यावसाय अंगालि व्यावसायिक उन्मुख तथा विपन्न कोभिड १९ प्रभावित परिवारका सदस्य कृषकलाई प्रोत्साहन (राहात ) अनुदान कार्यक्रम (गाई/ भैसी भेडा /बाख्रा तथा बगुर /कुखुरा )सन्चालन सम्बन्धि विधि

**१६ उद्देश्य :** यस कार्यक्रमको उद्धेश्यहरु देहाय बमोजिम रहेका छन :

क) अनुदान वितरण नीतिलाई पारदर्शी तथा प्रकृयामुखि र परिणाममुखि लर्फ लैजाने।

ख) विपन्न कृषकहरुको आय आर्जन गर्न सहयोग पुर्याउने।

ग) उत्पादन र उत्पादकत्व वृद्धि गरी व्यावसायउन्मुख बनाउने।

घ) निवाहमुखि पशुपालन व्यावसायलाई व्यावसायीक बनाउने।

ङ) बैदेशिक रोजगारीबाट फर्किएका साथै भारत समेतबाट फकिएका कृषकलाई पशुपालन व्यवसायमा आर्कषित गर्ने।

च) व्यवसाय उन्मुख कृषकलाई प्रोत्साहित गर्ने।

**१६.१ कार्यक्रम अवधिः** हाललाई यस कार्यक्रम को अवधि मिति २०७८ अषाढ मसान्त सम्मको हुनेछ।साथै वजेट विनियोजन भएमा आगवामी वर्षहरुमा पनि यसै कार्यविधी अनुरुप कार्यक्रम सन्चालन गरीने छ।

### १६.२ कृषक छनौटको मापदण्ड

### विपन्न परिवारको हकमा

क) विपन्न परिवारको हकमा गाई भैसी १ देखि २ वटा माउ , माउ भेडा बाख्रा ३ देखि ५ वटा, बगुर ३ देखि ५ वटा, स्थानीय कुखुरा ३० देखि ४० वटा , ब्रोइलर १०० देखि १५०,लेर्यस १५० देखि २०० सम् भएको।

ख) कच्ची घर भएको ।

ग) घरको कुनै सदस्य वैदेशिक रोजगारीमा नभएको ।

घ) नेपालमा कुनै सरकारी वा गैर सरकारी कार्यालयमा कुनै सदस्यको रोजगारी नभएको ।

ड.) आफनो उत्पादनले ६ महिना भन्दा कम अवधिको लागि मात्र खान पुग्ने ।

च) विगत २ बर्षमा नगरपालिकाबाट कुनै अनुदानका कार्यक्रम प्राप्त नगरेको ।

छ) नेपाली नागरिकता भएको ।

**कोभिड प्रभावित भई बैदेशिक रोजगारबाट फर्किएका कृषकहरुको हकमा**

क) कोभिडको असरले रोजगार गुमाई फर्किएको ।

ख) परिवारमा अन्य सदस्य बैदेशिक रोजगारमा हाल कोहि नरहेको ।

ग) नेपालमा स्थायी प्रकृतिको रोजगार नभएको ।

घ) व्यवसायिक पशुपालन पेशा गर्न शुरुवात गरेको ।

ङ) विगत २ बर्षमा सोहि परिवारमा पशुपालन सम्वन्धि अनुदान नपाएको ।

च) नेपाली नागरिकता भएको ।

छ) कोभिडको कारणले बैदेशिक रोजगार (भारत समेत)बाट फर्किएको प्रमाण

ज) कोभिड प्रभावीत भई बैदेशिक रोजगारबाट फर्किएका कृषकहरुको हकमा

गाई भैसी ३ देखि ५ वटा माउ , माउ भेडा बाख्रा ६ देखि ८ वटा, बगुर ५ देखि ८ वटा, स्थानीय कुखुरा १०० देखि १५० वटा ,ब्रोइलर २०० देखि ५००, लेर्यस २०० देखि ३०० सम्म भएको

**१६.३ नगरपालिकाको कार्यालयले उक्त अनुदान कार्यक्रममा सहभागी हुन चाहने पशुपंक्षि पालक कृषकहरुको लागि १५ दिनको प्रस्ताव सुचना आव्हवान गर्ने छ ।**

१६.४ यस कार्यक्रममा सम्मिलित हुन दफा नं. १६.२ मा उल्लेख भए वमोजिम मापदण्ड पुरा गरेका इच्छुक विदेश बाट फर्र्किएका (भारतसमेतबाट फर्किएका), विपन्न परिवारका सदस्य/व्यवसाय उन्मुख पशुपक्षि पालक कृषकलाई तोकिएको म्याद भित्र निर्देशित ढाँचा बमोजिमको निवेदन बुद्धभूमि नगरपालिका पशु सेवा शाखामा दिनुपर्ने छ ।पशु सेवा शाखामा प्राप्त भएका निबेदन मध्ये न्युनतम मापदण्ड पुरा गरेका कृषहरुलाई छनोटका लागी नगरपालिकामा पठाउनु पर्ने छ ।

**१६.५. अनुगमन, मूल्यांकन तथा प्रतिवेदन सम्वन्धी व्यवस्था**

यस कार्यक्रमको अनुगमन बुद्धभूमि नगरपालिकाको अनुगमन मुल्याकन समितिले गर्नेछ र सोको मूल्यांकन गरी प्रतिवेदन बुद्धभूमि नगरपालिकामा पेश गर्नु पर्नेछ ।

**१६.६ मूल्यांकन तथा छनोट गर्ने आधारहरु**

क ) व्यावसायको उपयुक्ता (सामाजिक ,भौगोलीक एवम वातवरणी उपयुक्तता ) बढीमा ५ अंक

ख)पशुपालनको संख्या हेरि अधिकतम २० अंक (प्रति पशु संख्या मूल्यांकन ५ अंक ,पंक्षिको

हकमा प्रति १० बराबर २ अंक )

ग) भकारो सुधार अधिकतम १० अंक

घ) उन्नत घाँस खेति अधिक्तम १५ अंक ( प्रति कठ्ठा अधिक्तम १० अंक)

ङ) विदेशबाट फर्कि व्यावसाय सुरु गरी सकेको भए बढीमा २० अंक

च) विगत २ बर्ष देखि सुरु गरी सकेको भए बढीमा १० अंक

छ) कार्ययोजनाको विवरण बढीमा १० अंक

ज) दुध तथा मासु उत्पादनको अवस्था बढीमा १० अंक१६.७) दफा १६.३ अनुसार पर्न आएका निवेदनहरुलाइ समितिबाट छनोट गरी नगरपालिका कार्यदल समक्ष सिफारिस पेश गर्ने छ ।

१६.८) छनौट भएका कृषकहरुलाई कार्यक्रम अनुदान लागी नगरपालिकाको फर्मेट बमोजिम सम्झौता गर्नु पर्नेछ ।

१६.९) छनौटमा परेका कृषकहरुले कम्ती गाई भैसी २ देखि ३ वटा माउ ,भेडा बाख्रा ५ देखि ८ वटा- ,बगुर ३ देखि ५ वटा, कुखुरा (लोक्कल कुखुरा ५० देखि १००, ब्रोइलर २००,लेर्यस २५० अनिवार्य रुपमा पालन भएको हुनु पर्ने छ ।

१६.१०) छनौट पछि सम्झौता भएका कृषकहरुलाई विनियोजित बजेटको परिधि भित्र काम सम्पन्न भए अनुगमन तथा मुल्याकन समितिको सिफारीसका आधारमा अनुदान रकम भुक्तानी दिइने छ । समयमा सम्झौता नभएका व्याक्तिलाई कार्यक्रमको अनुदान रकम भुक्तानी दिन वाध्य हुने छैन ।

१६.११). प्रस्तावित आर्थिक आधार : प्रति सेवा ग्राहिलाइ बढिमा रु ३,००००।—वा सो रकमको ८५ प्रतिशत अनुदान दिन सकिने छ ।

**१६.१२ थपघट वा हेरफेर गर्न सक्ने**

क) यो कार्यविधिको कार्यान्वयनलाई थप व्यवस्थित र प्रभावकारी बनाउन नगरपालिकाले आवश्यकता अनुसार यस कार्यविधिमा थपघट, हेरफेर गर्न सक्नेछ ।

ख) यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अवरोध र अस्पष्टता आएमा त्यस्तो बाधा अवरोध फुकाउने प्रयोजनका लागि नगरपालिकाले आवश्यकता अनुसार व्याख्या गर्न सक्ने छ ।

घ) यो कार्यविधि कार्यान्वयन गर्न आवश्यक पर्ने अनुसूचीहरुको निर्माण तथा परिमार्जन नगरपालिकाले गर्न सक्नेछ

## परिच्छेद १२

## उत्पादनमा आधारीत राहत अनुदान कार्यक्रम (दुध वा पशु जन्यवस्तु) सन्चालन विधि

**पृष्ठभूमिः**

बुद्धभुमि नगरपालिका अन्तर्गत पशुजन्य उत्पादन वृद्धि गर्न त्यसको गुणस्तर कायम राख्न, प्रशोधन गर्न र बजारीकरण गर्न आवश्यकता महशुस गरि कृषकहरुको मागका आधारमा व्यवसाय दिगो राख्न र व्यवसायी कृषकहरुलाई अझ प्रोत्साहन गर्न, उत्पादित दूधको परिणाम, गुणस्तर र बजारीकरणका आधारमा अनुदान प्रवाह गरेमा एकातिर संगठित बजारमा गुणस्तरीय दूध प्रवाह वढ्ने छ भने अर्कोतर्फ दुग्ध उत्पादन व्यवसाय दिगो र व्यवसायिक रुपमा अगाडी बढाउन यो अनुदान कार्यक्रम विधिका रुपमा दुग्ध उत्पादक सहकारी संस्था वा नियमानुसार दर्ता भएका डेरी पसल तथा संकलन केन्द्र मार्फत दुध विक्रि गर्ने सदस्य कृषकहरुलाई उत्पादनको परिमाणमा आधारित रहि अनुदान उपलब्ध गराउन आवश्यक देखिएकाले यस बुद्धभुमि नगरपालीकाले दुध उत्पादन वजारिकरणका आधारमा अनुदान कार्यक्रमलाइ व्यवस्थीत सरल, सहज,प्रभावकारी र पारदर्शि रुपमा स्थापना र संचालन गर्न यो विधिको व्यवस्था गरिएको छ।

**३ उद्देश्य :** यस कार्यविधीका उद्धेश्यहरु देहाय बमोजिम रहेका छन :

३.१ अनुदान वितरण नीतिलाई प्रकृयामुखि बाट परिणाममुखि लर्फ लैजाने।

३.२ दुधउत्पादन क्षेत्रलाई प्रतिस्पर्धात्मक वनाइ सो व्यवसायलाई प्रतिष्ठित एवं दिगो व्यवसाय वनाउन प्रोत्साहन गर्ने।

३.३ अनुदानको सही, दक्ष र प्रभावकारी रुपमा वितरण, उपयोग र सदुपयोग गर्ने

४.४ साना कृषकहरुको समेत दुध उत्पादन संगठित बजारमा प्रवाह गर्ने।

५.५ बुद्धभुमि नगरपालीकाको प्रतिवद्धता अनुरुप दुधमा आत्मनिर्भरको लक्ष्य पुरा गर्न सहयोग गर्ने।

६.६ दुध उत्पादन र वजारिकरणका आधारमा अनुदान कार्यक्रमलाई प्रभावकारी कार्यान्वयन गर्न।

**४ कार्यक्रम अवधिः** हाललाई यस कार्यक्रम को अवधि मिति २०७८ अषाढ मसान्त सम्मको हुनेछ। कार्यविधिमा परिमार्जन भएमा सोही अनुरुप अन्यथा आगामी वर्षमा पनि यसै विधि अनुरुप कार्यक्रम सन्चालन गर्न सकिने छ।

**५ कार्य संचालन र प्रक्रियाः**

५.१ बुद्धभुमि नगरपालीकाको कार्यालयले उक्त अनुदान कार्यक्रममा सहभागी हुन चाहने दुग्ध उत्पादक कृषक /फर्म /सहकारी संस्थाहरुका लागि प्रस्ताव निवेदन आव्हवान (अनुसुचि १ वमोजिम) हुनेछ।

५.२ यस कार्यक्रममा सम्मिलित हुन वुँदा नं. ५.३ वमोजिम मापदण्ड पुरा गरेका इच्छुक दुग्ध उत्पादक कृषक /फर्म/ सहकारीले तोकिएको म्याद भित्र अनुसुचि २ वमोजिमको निवेदन बुद्धभुमि नगरपालीकाको कार्यालय पशु सेवा शाखामा दिनुपर्ने छ।

**५.३ सहकारिको मापदण्ड**

क) दैनिक कम्तिमा १०० लिटर र बार्षिक कम्तिमा २५० दिन सम्म दुधको कारोवार गर्ने गरेको।

ख) दैनिक संकलित दुध दुग्ध उत्पादक सहकारी संस्थाले आफैले प्रशोधन गरी वा उद्योगलाई विक्रिवितरण गरी दुध र दुध जन्य पदार्थहरुको वेचविखनको प्रवन्ध गरेको।

ग) नियमित रुपमा वार्षिक साधारण सभा र लेखापरिक्षण गर्ने गरेको।

घ) स्थायी लेखा नं. प्राप्त गरेको र कर चुक्ता गरेको।

ङ) वडा कार्यालय तथा पशु पशु विकाश शाखाको सिफारिस संलग्न गरेको।

च) सहकारीमा आवद्ध सवै कृषकहरुले पशु विमा गरेको हुनु पर्ने छ।

छ) सहकारीमा आवद्ध सवै कृषकहरुको फार्ममा जैविक सुरक्षा विधि अवलम्वन गरेको हुनु पर्ने छ।

ज) सहकारीको कारोवार गर्ने गरेको दुधको गुणस्तर न्युनतम मापदण्ड भित्र परेको हुनु पर्ने छ।

झ) सम्वन्धित सहकारीले आफुमा आवद्ध भएका कृषकहरुलाई अनुदान वितरणको मापदण्ड वनाई पेश गर्नुपर्ने।

ञ) डेरी फर्म, सहकारी संस्थाहरुले संस्थागत रुपमा दुध विक्रि गरेको प्रमाण पेश गर्नु पर्ने छ।

माथि उल्लेखित क देखि ञ सम्मका बुदाहरु दुध बिक्री वितरण गर्ने दुग्ध व्यावसायी तथा कृषकहरुलाई लागु हुने छैन।

५.४ कार्यालयले बुंदा नं. ५.३ अनुसार पशुपंक्षि विकास इकाइमा प्राप्त भएका मध्ये न्युनतम मापदण्ड पुरा गरेका दुग्ध व्यवसायी कृषक फर्म , सहकारीलाई छनोट गरी बुद्धभुमि नगरपालिकामा गठीत पशुपंक्षी कार्यदल मा पठाउनु पर्ने छ।

५.५ वडा कार्यालय तथा पशुपक्षि इकाइवाट सिफारिस भई आएका सहकारी संस्थाका आवेदन, प्रस्ताव उपर छानविन तथा मूल्यांकन गर्नको लागि बुद्धभुमि नगरपालिकामा गठित पशुपक्षि कार्यदल तथा अनुगमन  मूल्यांकन समितिबाट हुने छ।

५.६ उपदफा ३ अनुसारको शाखाले पर्न आएका निवेदनहरुको मूल्यांकन गरी अनुदान उपलब्ध गराउन बुद्धभुमि नगरपालिकामा गठीत पशुपक्षि कार्यदल समक्ष सिफारिस पेश गर्ने छ।

५.७ अनुदानको लागि छनौट भएका दुग्ध उत्पादक कृषक,डेरी फर्म  सहकारी संस्थाले अनुसूची ५ प्रतिबद्धता  र अनुसुचि ६ बमोजिम सम्झौता गर्नु पर्नेछ।

५.८ सम्झौता पछि छनौट भएका दुग्ध उत्पादक सहकारीहरुलाई विनियोजित बजेटको परिधि भित्र रहीं बुद्धभुमि नगरपालिकामा गठीत पशुपक्षि कार्यदल अनुगमन तथा मुल्यान्कन समितीले सिफारीस गरे पश्चात  बुद्धभुमि नगरपालिकाले अनुदान रकम  वितरण गर्ने छ।

## ६. दूध उत्पादन र बजारीकरणका आधारमा अनुदान कार्यक्रम कार्यान्वयनको लागि प्रस्तावित आर्थिक आधार :

- दुधमा अनुदान वितरण प्रति लिटर रु २।०० सम्मका दरले दिने।
- कृषक तथा फर्मको हकमा कृषकले बार्षिक उत्पादन गरी दर्ता वाला वा नियमानुसार सन्चालन

गरेको डेरी पसलमा दुध विक्री गरेको रेकर्ड लाई आधार मानी प्रति लिटर रु २। का दरले यस आ.व.मा उत्पादन अनुसारको रकम अनुदान उपलब्ध गराउने छ।

- डेरी फर्मको रेकर्डका साथ साथै कृषकको घर गोठमा गई प्रत्यक्ष अनुगमन गरी उत्पादनको मुल्यान्कन गरीने छ।

**७. अनुगमन, मूल्यांकन तथा प्रतिवेदन सम्वन्धी व्यवस्था**

यस कार्यक्रमको अनुगमन बुद्धभुमि नगरपालिकामा गठीत पशुपक्षि विकाश कार्यदल अनुगमन तथा मूल्यांकन समिति बाट प्रतिवेदनेट बुद्धभुमिनगरपालिकामा पेश गर्नु पर्ने छ।

## परिच्छेद – १३

## पशु सेवा शाखाबाट सन्चान हुने पशुपन्क्षि विकाश सम्बन्धि सबै कार्यक्रमको अनुदानको भुक्तानी प्रक्रिया

**२२. भुक्तानीको लागी पेश गर्नुपर्ने कागजात :**

२२.१) कार्यक्रममा सहभागी निजी उद्यमी/कृषक/समुह/समिति/सहकारी तथा निजी फार्मले काम सम्पन्न गरी भुक्तानीको लागी निम्नानुसारका कागजातहरु संलग्न राखी पशु सेवा शाखामा पेश गर्नु पर्नेछ। यसरी भुक्तानीका लागी निबेदन पेश गर्दा देहाय बमोजिमको कागजातहरु संलग्न राखी पेश गर्नु पर्नेछ :–

(क) सम्झौता – पत्रको प्रतिलिपी र कार्यदेशको प्रतिलिपी,
(ख) स्वीकृत कार्ययोजनाको प्रतिलिपी र तोकिए बमोजिमको क्रियाकलापमा गरिएको खर्चको बिबरण,
(ग) निर्माण कार्यका लागी प्राबिधिकले तयार गरेको बिल,
(घ) कार्य सम्पन्न प्रतिबेदन,
(ङ) बिल बिजकहरुको सक्कल प्रति
(च) तयार गरिएको संरचना तथा खरदि गरिएका उपकरणहरुको फोटो,
(छ) फार्ममा रहेका पशुबस्तुको बीमा गरिएको कागजातहरुको प्रतिलिपी,
(ज) अनुदानग्राहीले कार्य सम्पन्न गरेको प्रतिबेदन
(झ) सम्बन्धित वडा कार्यालयको सिफारिस,
(ञ) साझेदार संस्थाको लेटरप्याडमा लिखित निबेदन
(ट) सूचनापाटी/होर्डिङ्ग बोर्डको फोटो,
(ठ) सार्बजनिक सुनुवाईको माईन्युटको प्रतिलिपी
(ड) आवश्यक निर्णयहरुको प्रतिलिपी आदी।(समुह तथा सहकारीको हकमा माथि उल्लेखित बुंदा

न.ञ,ट,ठ र ड मा मात्र लागु हुने छ)

(ढ) भुक्तानी निवेदन

(२) स्थलगत अनुगमन गरेको अनुगमन प्रतिबेदनको आधारमा कार्यक्रम मुल्यांकन तथा अनुगमन समितिले पशु सेवा शाखा मार्फत सिफारीस गरे पश्चात अनुदान रकम उपलब्ध गराईनेछ।

**२२.२) .रकम उपलब्ध गरिने आधारहरु :** अनुदानग्राहीलाई देहाय बमोजिमको आधारमा रकम भुक्तानी गरीनेछ।

(क) कार्यक्रम सञ्चालनको लागी पेश्की रकम उपलव्ध गराईने छैन्।

(ख) कार्य प्रगती र कार्य सम्पन्नता पश्चात मात्र रकम भुक्तानी दिईनेछ।

(ग) एकै प्रकृतिको कार्यक्रममा दोहोरो पर्ने गरी समावेश गराईने छैन।

(घ) कार्यक्रम संचालनका लागी बिगत दुई बर्ष भित्र सोही बिषयमा अनुदान प्राप्त गरेकाहरुलाई अनुदान कार्यमा सहभागी गराईने छैन।

(ङ) स्वीकृत कार्ययोजनाको क्रियाकलापमा बाहेक अन्य कार्यको खर्चमा रकम उपलब्ध हुनेछैन

(च) भुक्तानी कार्यक्रम संचालनको लागी खर्च भएको बिवरण दुरुस्त राख्नु पर्नेछ।

(छ) कार्यसम्पन भए पश्चात अनुदानग्राहीले कार्य सम्पन्न प्रतिवेदन र आवश्यक बिल भरपाई तथा कार्य सम्पन्न भएको स्पस्ट हुने गरी खिचिएको फाटो सहीत तोकिएको समय भित्र भुक्तानी माग गर्नु पर्नेछ।

(ज) भुक्तानीका लागी पेश भएका निबेदनहरुको स्थलगत अनुगमन गरी प्रतीवेदनका आधारमा कानुनबमोजिम कर तथा कन्टिन्जेन्सी रकम कट्टा गरी अनुदानग्राहीलाई एसिपेयी चेक मार्फत भुक्तानी दिईनेछ।

## परिच्छेद–१४
## विविध

**२३) अनुगमन तथा मूल्यांकन व्यवस्था :** बुद्धभुमि नगरपालिकामा पशु बिकास कार्यको लागी गठित नगर स्तरीय पशु बिकास कार्यदल अनुगमन समिति वा सम्बन्धित शाखा बाट नियमित अनुगमन गरिने छ

**२४) कार्यवाहीको व्यवस्था :** प्रस्ताव स्वीकृत भएका  निजी उद्यमी/ फार्म/समुह/समिति/ सहकारीहरुले सम्झौता अनुसार कार्यक्रम सम्पन्न नगरी प्राप्त अनुदानलाई दुरुपयोग गरेको पाइएमा स्थानीय सरकार बुद्धभुमि नगरपालिकाको प्रचलित ऐन नियम तथा कानुन बमोजिम कारवाही गरी सरकारी रकम असुल उपर गरिने छ।

**२५) प्रचलित कानून लागू हुने :** साझेदारी अनुदान कार्यक्रम कार्यान्वयनको सम्बन्धमा प्रचलित कानूनमा उल्लेख भएकोमा सोही बमोजिम तथा उल्लेख नभएको कार्यक्रमको हकमा यसै कार्यबिधि बमोजिम कार्यान्वयन हुनेछ।

**२६) कार्यबिधि संशोधन तथा परिमार्जन :**

बुद्धभुमि नगरपालिका,नगर कार्यपालिकाको कार्यालय, बुद्धभुमि,कपिलबस्तुले यस कार्यबिधिमा आवश्यक परिमार्जन एवं संशोधन गर्न सक्नेछ।

अनुसूची– १
प्रस्ताव आब्हानको सूचनाको ढांचा

बुद्धभुमि नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
पशु सेवा शाखा
बुद्धभुमि,कपिलबस्तु

प्रथम पटक प्रकाशित मिति २०७७/..../ गते

यस बुद्धभुमि नगरपालिका, पशु सेवा शाखाको आ.ब.२०७७/..../ गते को स्वीकृत बार्षिक कार्यक्रम अनुसार ...................... कार्यक्रम अन्रतगत निम्न लिखित कार्यक्रमहरु लागत साझेदारीमा/अनुदान कार्यक्रमा कार्य गर्न ईच्छुक निजी उद्यमी, ब्यावसायिक फार्म, समुह/समिति, सहकारीले यो सूचना प्रकाशित भएको मितिले १५ औं दिन सम्म कार्यालय समय भित्र प्रस्ताव दर्ता गर्नु हुन आब्हान गरिन्छ। साथै रित नपुगेका वा म्याद नाघि प्राप्त हुन आएका तथा विगत दुइ आ.व.भित्र मा कुनै स्थानीय तहबाट १०,०००(दश हजार ) भन्दा माथि अनुदान प्राप्त गरेको भए प्रस्तावहरु छनौटका लागी समाबेश नहुने ब्यहोरा समेत जानकारी गराईन्छ।

| क्र.सं. | कार्यक्रम | संख्या | कुल अनुदान रकम रु |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

अनुसूची– २

निबेदनको ढांचा

मिति :२०७७/..../....

श्रीमान् कार्यालय प्रमुख ज्यू,
बुद्धभुमि नगरपालिका,पशु सेवा शाखा, बुद्धभुमि कपिलबस्तु ।

बिषय : कार्ययोजना पेश गरिएको सम्बन्धमा ।

महोदय,

उपरोक्त सम्बन्धमा त्यस कार्यालयको मिति २०७७/..../.... गतेका दिन प्रकाशित सूचना अनुसार म/हामी निबेदकले ......................................... कार्यक्रमा सहभागी भइ सहकार्यमा कार्यक्रम सञ्चालन गर्न ईच्छुक भई अनुसूची – ३ मा उल्लेख भए अनुसारका कागजातहरु संलग्न राखी यो निबेदन पेश गरेको छु/छौं ।

निबेदक :
नाम : ...........................
ठेगाना : .........................
फर्मको नाम : .........................
दस्तखत :
मिति :
सम्पर्क नं. : ............................

**अनुसूची– ३**

## ब्यवसायिक कार्ययोजना पेश गर्दा संलग्न हुनु पर्ने कागजातहरु

१. नेपाली नागरिकताको प्रतिलिपी
२. अनुसूची - २ अनुसारको ढांचामा निबेदन फारम
३. अनुसूची - ४ अनुसार संक्षिप्त ब्यवसायिक कार्ययोजना
४. तालिम, शैक्षिक योग्यताका प्रमाण पत्रका प्रतिलिपीहरु
५. बैदेशिक रोजगार वाट फर्केको भए सो विवरण खुल्ने कागजात
६. निजी फार्म/समुह/समिति/सहकारी प्रचलित कानून बमोजिम दर्ता प्रमाणपत्रको प्रतिलिपि
७. स्थायी लेखा नम्बर/भ्याटमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपी
८. अनुसूची - ५ अनुसार परियोजना छनौट भएमा कार्यान्वयन गर्ने प्रतिवद्धता पत्र
९. समुह/समिति/सहकारीको हकमा संस्थाका सदस्यहरुको परियोजना प्रस्ताव पेश गर्ने निर्णयको प्रतिलिपि
१०. निर्माण कार्यको हकमा प्रस्ताव अनुसारको डिजाइन तथा लागत अनुमान
११. जग्गाको स्वामित्व देखिने कागजात (भाडामा भए ५ बर्षको सम्झौता) को प्रतिलिपि

## अनुसूची– ४
## कार्यक्रमको संक्षिप्त ब्यवसायिक कार्ययोजना

कार्यक्रमको नाम : .........................................जिल्ला :...............न.पा. . ........................

वडा नं. ........ टोल : गांउ : ..................

फर्मको नाम : ................................ सञ्चालकको नाम : .................... मो.नं. :.....................

१. ब्यवसायको परिचय :

२. उद्देश्यहरु :

३. पशुपन्छी पालन ब्यवसायमा अनुभव :

४. ब्यवसाय संचालन गरिने स्थानको संक्षिप्त बिबरण :

| क्र.सं. | गरिने क्रियाकलाप | इकाई | परिमाण | दर | जम्मा | कुल लागत सहभागीता | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | प्रतावकको तर्फबाट | नगरपालिकाको अनुदान |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

अनुसूची – ५

# प्रतिबद्धता पत्र

बुद्धभुमि नगरपालिका,पशु सेवा शाखा, बुद्धभुमि,कपिलबस्तुको मिति २०७७/..../..... को सूचना अनुसार .............................. कार्यक्रममा सहभागी भै कार्यक्रम गर्न इच्छुक भएकोले सो कार्यक्रममा सहभागिताको लागी कार्य योजना सहितको आबेदन पेश गरेको छु/छौं। उक्त कार्यक्रममा छनौट भएमा कार्य योजनामा उल्लेख भए बमोजिम ............प्रतिशत लागत साझेदारीमा कार्य गर्ने गरी घटीमा ५ (पांच) बर्ष सम्म निरन्तरता दिने छु /छौं र पालिएको पशुहरुको हकमा बीमा समेत गर्ने प्रतिबद्धता ब्यक्त गर्दछु/छौं। प्रतिबद्धता अनुरुपको कार्य नगरेमा ऐन कानून बमोजिम सहुँला बुझाउँला। साथै प्रस्तावित कार्यहरुका लागी अन्य कुनै निकाय बाट आर्थिक वा बस्तुगत सहयोग प्राप्त नगरेको र संचालित क्रियाकलापबाट बातावरण लाई असर नपुर्याउने प्रतिबद्धता समेत ब्यक्त गर्दछु/छौं।

फर्मको नाम : .........................
संचालकको नाम : ...........................
ठेगाना : .........................

दस्तखत :
मिति :
सम्पर्क नं. : .............................
संस्थाको छाप :

| दाँया | बाँया |
|---|---|
| | |

इति समंबत २०७७ साल ......महिना.......गते ..... रोजमा शुभम्।

**अनुसूची – ६**

**सम्झौता — पत्रको ढाँचा**

बुद्धभूमि नगरपालिका नगरकार्यपालिकाको कार्यालय (जसलाई यसपछि प्रथम पक्ष भनिने छ) र कपिलवस्तु जिल्ला बुद्धभूमि नगरपालिका वडा नं .... बस्ने ............................फार्मका सञ्चालक/कृषक श्री.................................. ( जसलाई यस पछि दोश्रो पक्ष भनिने छ ) का बिच देहाय बमोजिमका शर्तहरु पालना गरि बुद्धभूमि नगरपालिका पशु सेवा शाखा को बार्षिक स्विकृत कार्यक्रम अनुसार ..............................................(राहात ) अनुदान कार्यक्रम सन्चालनको लागी रु......... को आज मिति २०७७/ / ..... गतेका दिन यो सम्झौता गरि सहिछाप गरिदियौ ।

**पहिलो पक्षको शर्तहरु :**

१. निर्धारित अवधिमा भए/ गरेको कामकारबाहीको अनुगमन गर्ने छ ।
२. सम्झौता बमोजिम काम सम्पन्न गराउनु पर्नेछ ।
३. जुनसुकै बेला अनुगमन निरिक्षण गर्न सक्नेछ ।
४. सम्झौता बमोजिम काम सम्पन्न भएमा दोस्रो पक्षलाई नियमानुसार कर कट्टी गरी भूक्तानी लागी सिफारिस गर्ने छ ।
५. सम्झौता बमोजिम काम सम्पन्न नभएमा भूक्तानी रोक्न सक्नेछ ।
६. सम्झौतामा तोकिएको रकम भन्दा बढि रकमको हकदाबी आएमा भूक्तानी गर्न वाध्य हुने छैन ।

**दोश्रो पक्षको शर्तहरु :**

१. निर्धारित अवधिमा कार्यसम्पन्न गर्नुपर्नेछ ।
२. सम्झौता बमोजिमको को कार्यसम्पन्न गर्नुपर्नेछ ।
३. सम्झौता भए बमाजिमको काम र आफनो तर्फबाट पनि सोहि बराबरको काम गर्नुपर्नेछ ।
४. सम्झौता भएको मितिले सात दिन (७) भित्रमा कार्यसम्पन्न गर्नुपर्नेछ ।
५. कार्यसम्पन्न पश्चात अनुगमन निरिक्षण गराउनु पर्ने छ ।
६. सम्झौता भए भन्दा बढिको रकम दाबी गर्न पाउने छैन ।
७.सम्झौता वमोजीम भुक्तानीको लागी काम सम्पन्न भएको फोटो सहीत विल भरपाई पेश गर्नु पर्ने ।
८. कार्यक्रम गर्नु पुर्व न.पा.वा वडामा कार्यरत इन्जीनियरबाट आवश्यकता अनुसार स्टमेट गराई काम गर्नुको साथै काम सम्पन्न पश्चात प्राविधिक बाट मुल्याङ्कन गराउनु पर्ने छ ।

| प्रथम पक्ष | दोश्रो पक्ष |
|---|---|
| नाम थर : | नाम थर : |
| पद : | ठेगाना : |
| दस्तखत : | दस्तखत : |
| (नगरपालिकाको तर्फबाट) | (फार्म सञ्चालकको तर्फबाट) |
| कार्यालयको छाप : | सम्पर्क नं : |

रोहबर : पशु सेवा शाखाको तर्फबाट
दायाँ बायाँ
नाम थर :
पद :
दस्तखत :
रोहबर : पशु सेवा शाखाको

| दाँया | बाँया |
|---|---|
| | |

## अनुसूची–९
## फार्म दर्ताको निवेदन फार्म

गाई,भैसी,बाख्रा,तथा बंगुर ब्यावसायि फार्म दर्ता बिवरण

फार्मको नाम : मिति :

स्थापना मिति :

फर्म धनिको नाम : ठेगाना :

फर्मको क्षेत्रफल :

गोठको अबस्था : क) कच्ची ख) पक्की

पशु संख्या :

१) गाई :

क) दुध दिने : ख) ब्याउने : ग) कोरली :

घ) बाच्छा : ङ) बाच्छी :

२) भैसी :

क) दुध दिने : ख) ब्याउने : ग) कोरली :

घ) पाडा : ङ) पाडी :

३) बाख्रा :

क) माउ : ख) बोका : ग) खसी :

घ) पाठा : ड.) पाठी :

४) बंगुर :

क) माउ : ख) बीर : ग) खसी :

घ) पाठा : ङ) पाठी :

५) घाँस लगाएको क्षेत्रफल : क) उन्नत : ख) स्थानिय :

६) पशु आहारा दैनिक खपत : क) दाना : ख) चोकर/ब्रान : ग) घाँस : घ) पराल :

७) दैनिक उत्पादन : क) दुध : ख)दुध बिक्री : ग) मल : घ) अन्य :

८) रोजगार संख्या : क) महिला : ख) पुरुष :

९) अन्य केही भए खुलाउने :

निबेदकको नाम :

दस्तखत :

ठेगाना :

मिति :

ना.प्र.न. र जारी जिल्ला

सम्पर्क नम्बर

## अनुसूची — १०
## दर्ता अभिलेखीकरण प्रमाणपत्रको लागी दिने निबेदनको ढांचा

श्री ................................................... मिति : ..........................
पशु सेवा शाखा, बुद्धभुमि,कपिलबस्तु ।

बिषय : दर्ता अभिलेखीकरण प्रमाणपत्र पांउ ।

मैले/हामी ले संचालन गर्न लागेको/गरेको .....................................................फार्म/संस्था/उद्योग त्यस कार्यालयमा अभिलेखीकरण गरी दर्ता अभिलेखीकरण प्रमाणपत्र पाउनको लागी आवश्यक कागजात यसैसाथ संलग्न राखी पेश गर्दछु/गर्दछौं ।
दर्ता गर्न चाहेको फार्म/संस्था/उद्योग को :
१) नाम :
२) ठेगाना :
३) संलग्न कागजातहरु :

- कम्पनी/उद्योग/संस्था दर्ताको प्रमाणपत्र को प्रतिलिपी ।
- सम्बन्धित ब्यक्तिको नागरिकता प्रमाणपत्र को प्रतिलिपी ।
- कम्पनी/उद्योग/संस्था को क्षमता घटबढ भएमा सोही अनुसार अभिलेखीकरण गरी प्रमाणपत्र लिनु पर्ने ।

निबेदक :
नाम :
दस्तखत :
ठेगाना :
मिति :
सम्पर्क नं. :

**अनुसूची – ११**
**फर्म नविकरण**

श्री प्रमुख ज्यू , मिति:
बुद्धभुमि नगरपालिका,पशु सेवा शाखा, ,

बिषय : पशुपंक्षी फार्म नबीकरण गरी पांउ बारे ।

उपरोक्त बिषयमा मेरो/हाम्रो पशुपंक्षी फार्म सम्बन्धित निकायमा दर्ता प्रक्रिया पुरा गरी संचालन अवस्थामा रहेको हुदां तपशील अनुसारको आवश्यक कागजात सहित यसै साथ संलग्न राखी पेश गरेको छु/छौं ।

फार्मको नाम :
ठेगाना :
प्रोपराईटरको नाम
सम्पर्क न.

अनुसूची – १२

# बुद्धभुमि नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## पशु सेवा शाखा
हनुमानचोक बुढ्ढी ,कपिलबस्तु
लुम्बिनी प्रदेश, नेपाल।

**फोटो**

दर्ता नं. : मिति :

## फार्म दर्ता प्रमाण पत्र

बुद्धभुमि नगरपालिका, पशु सेवा शाखा,हनुमानचोक बुढ्ढी ,कपिलबस्तु द्धारा पशु सेवा प्रसार तथा उत्पादन कार्य लाई टेवा पुर्याउने उद्देश्यले मिति ..................................... मा स्थापना भएको यस कपिलबस्तु जिल्ला बुद्धभुमि नगरपालिका वडा नं..... टोल ....... मा रहेको श्री .............................को एकल/संयुक्त /सामुहीकबाट सन्चालित श्री .......................... गाई/भैसी/बाख्रा/बंगुर/माछा/कुखुरा फार्म लाई यस शाखाको अभिलेखमा दर्ता गरी यो प्रमाण–पत्र प्रदान गरिएको छ।

...................... .....................
प्रमाण पत्र बुझीलिनेको सही : प्रमाणित गर्ने सही :

## बार्षिक नबकिरण गरिने टेबल

| क्र.सं. | आर्थिक बर्ष | नबकिरण मिति | | दस्तखत | केफियत |
|---|---|---|---|---|---|
| | | देखि | सम्म | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

अनुसूची – १३

# बुद्धभुमि नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## पशु सेवा शाखा
**हनुमानचोक बुढ्ढी कपिलबस्तु**
**लुम्बिनी प्रदेश**

दर्ता अभिलेख नं. : मिति :

## फार्म दर्ता अभिलेखीकरण प्रमाण पत्र

श्री .................................

...............................

तपाईको मिति ..................................... को निबेदनमा कारवाही हुदां तोकिएको कार्य संचालन गर्ने गरी तपाईको ........................................................................ फार्म/संस्था/उद्योग को यस शाखामा अभिलेखमा राखी तपशील अनुसार गर्ने गरी दर्ता अभिलेखीकरण गरी यो प्रमाण–पत्र प्रदान गरिएको छ।

.............................. ......................

प्रमाण पत्र पाउनेको सही : प्रमाणित गर्नेको सही :

**बार्षिक नबकिरण गरिने टेबल**

| क्र.सं. | आर्थिक बर्ष | नबकिरण मिति | | दस्तखत | केफियत |
|---|---|---|---|---|---|
| | | देखि | सम्म | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

आज्ञाले
अनिल पौडेल
प्रमुख प्रशासकीय अधिकृत